स्वास्थ्य सेवाका लागि आवश्यक बजेट विनियोजन... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ • अंक ४३ • २०८२ साल असार १८ गते बुधबार (2 July, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–


## जनमतमा दाजु उपाध्यक्ष, संसदप्रति उदासीन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउतले आफ्ना दाजु डा.जयकान्त राउत (जेके राउत)लाई पार्टीको उपाध्यक्ष बनाएका छन् ।



जनमत पार्टीको केन्द्रीय समितिको वरियतामा अध्यक्ष सीके राउतपछि जेके राउत भएका छन् । उनी यस अघि केन्द्रीय सदस्य मात्र रहेका थिए । अध्यक्ष राउतले उपाध्यक्षमा दाजु जेके राउतसँगै दानबहादुर चौधरीलाई पनि उपाध्यक्ष बनाएका छन् ।

जनमत पार्टी स्थापना भएदेखि हालसम्म महाधिवेशन भएको छैन । अध्यक्ष राउतले चाहेको बखत आफू खुशी पदाधिकारीबाट हटाउने र थप्ने गर्दै आएका छन् ।

जेके राउत र दानबहादुर चौधरीलाई पार्टीको स्थायी समितिको बैठकबाट मनोनयन गरिएको प्रवक्ता डा.शरद यादवले जनाएका छन् । योसँगै पार्टी उपाध्यक्षको संख्या ७ पुगेको छ । तर त्यस मध्ये एकजना निलम्बित छन् ।

गत आम निर्वाचनमा जेके राउत प्रतिनिधि सभा सदस्यमा सप्तरी जिल्लाबाट पराजित भएका थिए । उनी जनमतको कोटाबाट राष्ट्रिय योजना आयोगको सदस्य बनेका थिए ।

अध्यक्ष राउतको पारिवारिक विवादको मुख्य कारक जेके राउत रहेको आरोप लाग्दै आएको छ । राउतकी श्रीमतीले नै जेके राउतको कारण समस्या आएको सार्वजनिक रुपमा नै बताएकी थिइन् ।

जनमत पार्टीको १७ सदस्यीय सचिवालयमा राउतको प्रस्तावमा 'हुन्छ' भनेहरु मात्र बाँकी रहेका छन् ।

असार १ गते मधेश प्रदेशको बजेट प्रदेश सभामा प्रस्तुत भएको नवौ दिन रातो किताब सार्वजनिक भएसँगै सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले सार्वजनिक रुपमा नै चरम असन्तुष्टि व्यक्त गरेका थिए । उनले सरकारमा रहने नरहने विषयमा समेत सोच्नु पर्ने अवस्था आएको बताएका थिए ।

त्यसलगत्तै जनमत पार्टी मधेश प्रदेशको संसदीय दलको बैठकलेपनि बजेट प्रति असन्तुष्टि जनाउँदै केन्द्रीय सचिवालयलाई सरकार सम्बन्धमा निर्णय गर्ने जिम्मेवारी दिएको थियो ।

हालै अध्यक्ष राउतले सरकार छाड्ने प्रश्न नै नउठ्ने दावीगर्दै सरकारको नेतृत्व समेत परिवर्तन नहुने संकेत गरेका थिए ।

संघीयता र मधेशप्रति बहुत इमान्दार भएको दावी गर्ने अध्यक्ष राउतले प्रदेश सभाको बजेट अधियवेशन नै रोकिएको विषयमा कुनै प्रतिकृया जनाएका छैनन् । बजेटमा देखिएको चरम असन्तुष्टिलाई सामना गर्न असमर्थ देखिएको सरकारले बैठक नै अनिश्चितकालका लागि स्थगन गराएको छ ।

विपक्षीले संसदमा अवरोध गर्दा सत्ताधारी दलहरुले सहमति गरेर बैठक सुचारु गर्ने परम्परालाई लत्याउँदै जनमत पार्टी नेतृत्वको सरकारले नै संसद बैठक स्थगन गराउँदै आएको छ ।

मधेश प्रदेशको अधिकांश बजेट अर्थमन्त्री, नेपाली काँग्रेस संसदीय दलका नेता, एमाले संसदीय दलका नेता रहेका भौतिक मन्त्री र मुख्यमन्त्रीकोमा समेटिएको आरोप छ । सत्ताधारी दलकै सांसदहरुले पनि बजेट संशोधन गर्नुपर्ने दबाब दिन थालेपछि मन्त्रीहरु संसदबाट भाग्न थालेका छन् ।

### 'मलाई अदालतमाथि विश्वास छ'

## विना प्रमाण तथा संवैधानिक आधार विना नै आफूमाथि लाञ्छना



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधव कुमार नेपालले राजनीतिमा विचलन आएका कारणले जनतामा नेतृत्वप्रति आक्रोश र निराशा पलाएको बताएका छन् ।

जनकपुरधाममा मंगलबार नेकपा एकीकृत समाजवादी धनुषाको सातौं जिल्ला अधिवेशन उद्घाटन समारोहमा बोल्दै पूर्वप्रधानमन्त्री नेपालले वर्तमान व्यवस्था प्रतिको समर्थनमा कुनै कमी नभएको बताए ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले राजनीतिमा प्रतिक्रियावादी एवं पुँजीवादी चिन्तनका कारणले सिंगो कम्युनिष्ट पार्टी नै बदनाम भएकाले यसलाई चिर्नका लागि पनि जनताको पक्षमा काम गर्न आग्रह गरे ।

उनले पतञ्जली जग्गा प्रकरण बारेमा कही कतै र कुनै पनि किसिमले संलग्न नरहेकाले आफू जहिले पनि नबिराउनु र नडराउनु भन्ने पक्षमा रहेर काम गर्ने व्यक्ति भएकाले सत्यको विजय हुने विषयमा आफू पूर्व विश्वस्त रहेको बताए ।

अध्यक्ष नेपालले भने, 'मैले गल्ती गरेको छु भने मेरो शिर निहुरिने छ, देश र जनताको सेवा र समाजमा रहेको विकृति विसंगति राजनीतिमा रहेको विकृति विसंगतिको अन्त्यका लागि अब सधैं लागि रहने र मलाई अदालतमाथि विश्वास छ ।'

अदालत न्यायको पक्षमा खडा हुने भन्दै उनले प्रत्येक वकिललाई धन्यवाद दिए । अध्यक्ष नेपालले भने, ' अदालत न्यायको पक्षमा खडा हुन्छ, मलाई साथ र सहयोग गर्नु हुने सबै अधिवक्तालाई म धन्यवाद दिन चाहन्छु । हरेक पार्टीका अधिवक्ताले आफूलाई साथ र सहयोग गरेको छ ।'

अध्यक्ष नेपालले भने, 'मेरो बारेमा कुनै पनि किसिमको गलत रहेको छु भनि आधार र प्रमाण छैन, कुनै कानुनी आधार छैन, संवैधानिक आधार पनि छैन । योग गर्ने राम्रो संस्था छ । सामूहिक निर्णय अनुसार योग संस्थालाई जग्गा बिक्री गरिएको हो । एक टुक्रामा पनि कानुन विपरीत कार्य भएको छैन । जग्गासम्बन्धी सम्पूर्ण कारबाही प्रक्रिया पुर्याएर पतञ्जली संस्था आफैले काम गरेको छ ।'

उनले आफूलाई विना आधार र विना प्रमाण तथा संवैधानिक आधार विना नै आफूमाथि लाञ्छना लगाइएको दाबी गरे ।

पतञ्जली संस्थाले देशमा दर्जनभन्दा बढी अस्पताल खोलेर सेवामूलक काम गरिरहेकाले सो संस्थाको नाममा कहिकतैले कसैले गलत कार्य नगरेको दाबी अध्यक्ष नेपालले गरे ।

उनले अहिलेदेखि मिसन ०८४ अनुसार पालिका, वडावडामा आफ्नो प्रभाव बढाउने, पार्टी पक्षमा जनमत निर्माण गर्न, इमान्दार र राम्रो व्यक्तिलाई उम्मेदवार बनाउने, समाज, जनताको साथ र सहयोगको आवश्यकता रहेको औल्याए ।

अध्यक्ष नेपालले भने, 'पार्टी संचालन र पार्टी निर्माणका लागि बैठक हुनु अनिवार्य छ । घरदेखि टोल, समाज, महिला, किसान, खेलकुदलगायत विभिन्न तरिका अपनाएर विभिन्न अभियान संचालन गरी पार्टीलाई बलियो बनाउ ।'

उनले विगतको समीक्षा गरी पार्टी संचालनको लागि कार्ययोजना निर्माण गरी अघि बढ्न अपील गरे । उनले भने, 'पार्टीको इज्जत र प्रतिष्ठाको जिल्लाको रुपमा धनुषा जिल्ला हो ।'

### पार्टीगत कि व्यक्तिगत भन्दै एसमा विवाद

नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनीले सरकारबाट पाएको हदबन्दी छुटको जग्गा हिनामिना गरेको अभियोगमा मुद्दा लगाएपछि पार्टीगत कि व्यक्तिगत भन्ने विषयमा पनि विवाद चर्किएको छ ।

०६६/०६७ मा अध्यक्ष नेपाल प्रधानमन्त्री भएका बेला सो जग्गा हिनामिना प्रकरणको निर्णयलाई हाल पार्टीसँग जोडेको भन्दै नेता झलनाथ खनाल, नेतृ रामकुमारी झाँक्रीले असन्तुष्टि जनाउँदै आएका छन् । उनीहरूले भ्रष्टाचार अभियोगको मुद्दालाई पार्टीगत बनाएकाले पार्टीले अघि सारेको 'सुशासन र रोजगारी, समाजवादको तयारी' आन्दोलनलाई असर गर्ने बताएका छन् । समाजवादीले सुशासनको मुद्दा लिएर आन्दोलन गर्ने निर्णय समेत गरेको छ । नेपाल पक्षका नेताहरूले भने पतञ्जली जग्गा प्रकरणमा मुद्दा चलाउनु सरकारको प्रतिशोधको रूप देखिएको भन्दै पार्टीले प्रतिवाद गर्नुपर्ने तर्क गर्दै आएका छन् । उनीविरुद्ध मुद्दा दायर भएपछि पार्टीले प्रतिवाद गर्ने निर्णय पनि गरेको थियो ।

नेपाललाई जेठ २२ मुद्दा दायर भएपछि उनीसामु नैतिकताको प्रश्न उठ्यो । मुद्दा दायर भएलगत्तै उनी प्रतिनिधिसभा सदस्यबाट निलम्बन भए । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा दुई ठाउँबाट पराजित भएपछि नैतिकताका आधारमा राजीनामा दिएका उनले भ्रष्टाचारको आरोप लागेपछि मुद्दाको किनारा नलागेसम्म अध्यक्ष पद छाड्ने अपेक्षा पार्टीभित्र र बाहिर थियो । तर उनले सांसद पदबाट निलम्बन भए पनि अध्यक्ष पद नछाड्ने गरी पार्टीमा 'बहुमत' जुटाएका छन् ।







# मनसुनका एक महिना: ६७४ घटना, ३१ जनाको मृत्यु, ११२ घाइते



काठमाण्डु । गत जेठ १५ देखि यही असार १६ गतेसम्म ६७४ वटा मनसुनजन्य विपद् का घटना भएका छन् । ती घटनामा ३१ जनाको मृत्यु भएको छ भने ११२ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उक्त अवधिमा पहिरोका ८७ घटनामा २५ घरमा आंशिक र ११ घरमा पूर्णक्षति भएको छ । समीक्षा अवधिमा एउटा पुल, सातवटा गोठ र १४ चौपाया मरेका छन् । पहिरोबाट रु दुई करोड २१ लाख बराबरको क्षति भएको छ ।

यसैगरी, बाढीका ६४ घटनामा चार जनाको मृत्यु भएको तथा चार जना नै घाइते भएका छन् । बाढीबाट १२३ परिवार प्रभावित भएका छन् । चार वटा घरमा क्षति भएको छ । चट्याङका ८२ वटा घटनामा आठ जनाको मृत्यु भएको, २० जना घाइते भएका छन् । हुरीका ४५ घटनामा एक जनाको मृत्यु भएको तथा तीन जना घाइते भएका छन् । विपद्का घटनामा रु २६ करोडको आर्थिक क्षति भएको छ ।रासस

# पर्याप्त वर्षा नहुँदा सिरहामा रोपाइँ प्रभावित

सिरहा । असारको मध्यसम्म पनि सिरहाका धेरै खेत सुक्खै छन् । खेत जोतिएको छ, बीउ पनि तयार छ, तर वर्षा नहुँदा रोपाइँ थाल्न नसकेका किसान आकाशतिर हेर्दै पानीको पर्खाइमा छन् । सिँचाइको भरपर्दो व्यवस्था नहुँदा सिरहाका किसान आज पनि आकासे पानीको भरमा खेती गर्न विवश छन् ।

रोपाइँ सकेर हरियाली भइसक्नुपर्ने खेत अझै सुनसान छन् । कहिले वर्षा होला र धान रोपाइँ सुरु गर्न पाइएला भनेर किसानको अनुहारमा चिन्ता झल्किन थालेको छ । वर्षा लागिसकेको भए पनि पर्याप्त पानी नपर्दा उनीहरूको पर्खाइ लम्बिँदै गएको छ ।

"समयमा वर्षा नहुँदा रोपाइँ गर्न पाइएन । पानी परेपछि मात्र काम अघि बढ्छ" लहान नगरपालिका-२३ का रामकुमार यादवले भन्नुभयो, "हामी त हरेक बिहान आकाश हेर्छौं । कहिले बादल लाग्छ, कहिले घाम आउँछ । तर, पानी पर्दैन ।" उहाँले रोपाइँका लागि झण्डै दुई बिघा खेत जोतिसक्नुभएको छ, बीउ पनि तयार छ, तर वर्षा नहुँदा



हात बाँधेर बस्न बाध्य हुनुपरेको छ । वर्षा नहुँदा रोपाइँको याम नै खेर जाने चिन्ता बढेको उहाँले बताउनुभयो ।

सिरहालगायत तराईका अन्य जिल्लामा अझैपनि अधिकांश किसान आकाशे पानीमै भर पर्ने गर्दछन् । सिँचाइको सुविधा नहुँदा वर्षाको भरमा खेती गर्ने किसानलाई प्रत्येक वर्ष असार महिनामा आकाशले साथ दिने/नदिने कुराले ठूलो प्रभाव पार्छ ।

कृषि ज्ञान केन्द्र सिरहाका सूचना अधिकारी किरण विश्वकर्माका अनुसार जिल्लामा कुल ५४ हजार हेक्टर धान खेतीयोग्य जमिन छ । तर हालसम्म जम्मा १८ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ । उहाँले भन्नुभयो, "अहिलेसम्म भएको रोपाइँ पनि किसानले बोरिङ्गको सहायताले गरेका हुन् ।"

कृषि ज्ञान केन्द्रको आकलनअनुसार केही दिनभित्र पर्याप्त वर्षा नभए बाँकी खेतीयोग्य जमिनमा रोपाइँ गर्ने समय ढिला हुँदै जान्छ । यसको प्रत्यक्ष असर धान उत्पादनमा पर्नेछ । सिँचाइ सुविधा विस्तार, जल सञ्चयन प्रणालीको विकास, र मौसमी पूर्वानुमानमा आधारित कृषि तालिकाको आवश्यकता किसानले बारम्बार उठाउँदै आएका छन् ।रासस

# सम्पत्ति शुद्धिकरणसम्बन्धी सचेतना

**टुडे समाचारदाता**

जनकपुरधाम । सहकारी संघ संस्था सञ्चालक पदाधिकारी तथा कर्मचारीहरूलाई लक्षित गर्दै जनकपुरधाममा एक दिने "सम्पत्ति शुद्धिकरण सम्बन्धी सचेतना गोष्ठी" सम्पन्न भएको छ ।

सोमबार भएको गोष्ठीमा सहकारी प्रणालीमा पारदर्शिता, वित्तीय उत्तरदायित्व र सम्पत्ति शुद्धिकरणसम्बन्धी कानुनी पक्षमा जानकारी प्रदान गरिएको छ ।

सो क्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक सदस्य श्री नथुनी यादवले सहकारीहरूलाई पारदर्शी, विश्वसनीय र कानुनी रूपमा दुरुस्त बनाउने प्रयासमा यस्ता कार्यक्रम सहयोगी हुने धारणा राख्नुभयो । "सहकारी संस्थाहरूले अब पुरानो लयमा मात्र सीमित भएर हुँदैन, कानुनी मार्गदर्शन र आन्तरिक शुद्धताको अभ्यास अनिवार्य छ," उनले भने ।

त्यस्तै जिल्ला सहकारी संघका अध्यक्ष ध्रुव नारायण यादवले सहकारी क्षेत्रमा देखिएको अनियमितता नियन्त्रण गर्न 'सम्पत्ति शुद्धिकरण' सम्बन्धी




चेतना विस्तार गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो। "वित्तीय प्रणालीमा पारदर्शिता कायम राख्न सहकारीहरूले थप सजग हुनुपर्छ । यो विषयलाई हल्का रुपमा लिने समय अब सकिएको छ," उनले भने ।

कार्यक्रममा सहकारी विभागका उपनियन्त्रक ससी लम्सालले सहकारी क्षेत्रको विकासको मूल आधार नै वित्तीय अनुशासन र जवाफदेहितामा रहेको भन्दै यस्ता कार्यक्रमले नीति पालनामा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । सहकारी संस्थाहरू जनताको धन र विश्वाससँग जोडिएका संस्था हुन् । त्यसैले जिम्मेवार, नियमनमा आधारित र पारदर्शी कार्यशैली आवश्यक रहेको उनले बताए ।

कार्यक्रममा जिल्ला तथा स्थानीय तहमा कार्यरत सहकारी संघ-संस्थाका प्रतिनिधिहरू, कर्मचारीहरू, सरोकारवाला निकायका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

सहभागीहरूले प्रशिक्षणबाट सहकारीको आन्तरिक सुधार, कारोवारको पारदर्शिता तथा कानुनी प्रक्रिया बुझ्न सहयोग पुगेको प्रतिक्रिया दिएका थिए ।

# नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका लागि परराष्ट्रमन्त्रीको आग्रह

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालको कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानीका लागि विश्वका बहुराष्ट्रिय कम्पनीहरूलाई आग्रह गर्नुभएको छ । राष्ट्रसङ्घीय कृषि तथा खाद्य सङ्गठन, एफएओको रोममा जारी ४४औँ महासभाअन्तर्गत मंगलबार आयोजित कृषि तथा खाद्य प्रणालीसम्बन्धी उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै उहाँले कृषि क्षेत्रमा लगानी गरेर नेपालका मौलिक एवं विशिष्ठ उत्पादनहरूमार्फत् विश्व बजारबाट लाभ लिन आग्रह गर्नुभयो ।

मन्त्री डा राणाले भन्नुभयो, "कृषिमा निजी क्षेत्रको संलग्नता बढाउने सरकारको नीति बमोजिम ठूला निजी कम्पनीहरूले कृषिमा लगानी गर्न थालेका पनि छन् । तर पनि ठूलो लगानी तथा कृषिमा आधुनिकीकरणको अभावमा पर्याप्त सम्भावनाका बाबजुत पनि नेपालले बृहत मात्रामा कृषि उपजहरू निर्यात गर्न सकिरहेको छैन । हामीलाई यस क्षेत्रमा ठूलो वैदेशिक लगानीको आवश्यकता छ ।"

मन्त्री डा राणाले अन्तरराष्ट्रिय सहयोग एवं सहकार्यबाट कृषि क्षेत्रलाई नवप्रवर्तन, कृषिमा एआइको प्रयोग, खेती गर्न ड्रोन आदि प्रविधिको प्रयोग गरी कृषिमा आधुनिकीकरण र वैज्ञानिकीकरणका साथ आकर्षक बनाउन नेपाल सरकार लागिपरेको बताउनुभयो ।

उहाँले नेपालमा कृषि पेशा गर्ने व्यक्ति अर्थात् किसानलाई अहिले पनि हेय दृष्टिले हेर्ने गरिएकाले यस क्षेत्रको आधुनिकीकरण गरी समयानुकूल विकास गरेर निर्यातमुखी बनाउन नसकिएको बताउनुभयो । उहाँले कृषिलाई मर्यादित र आकर्षक पेशा बनाउनुपर्ने धारणा पनि राख्नुभयो ।

संसद्को कृषि, सहकारी तथा




प्राकृतिक स्रोत समितिको पूर्व सभापति मन्त्री डा राणाले भन्नुभयो, "कृषकहरूको सामाजिक छवि अहिले पनि बदल्न सकिएको छैन । म कृषि समितिको सभापति बन्दा पनि कतिपयले किन यो समिति रोजेको पनि भनेको सम्झना छ । तर मैले नै सो समिति रोजेकी थिएँ ।"

नेपालको ८३ प्रतिशत भूभाग पहाड वा हिमाली क्षेत्र रहेको र जहाँ अधिकांश जमिन स-साना टुक्रामा अवस्थित रहेकोले पनि कृषि कार्य अत्यन्त कठिन रहेको भए पनि यसलाई लामो समयदेखि आत्मनिर्भर अर्थतन्त्र र गरिबीसँग जोडिएको बताउनुभयो ।

नेपालको अर्थतन्त्रमा सबैभन्दा ठूलो आयस्रोत बनेको विप्रेषणले नेपालको कुल गार्हस्थ उत्पादनमा करिब ३५ प्रतिशत योगदान रहेको र कृषिको योगदान दोस्रो स्थानमा अर्थात् करिब २३ प्रतिशन रहेको बताउँदै मन्त्री डा राणाले कृषि क्षेत्र अझै पनि करिब ८० प्रतिशत जनसंख्याको रोजगारीको माध्यम बनेको चर्चा गर्नुभयो ।

पछिल्लो समय जलवायुजन्य दुष्प्रभावका कारण कृषि क्षेत्रमा नराम्रो प्रभाव पर्दै गएको र नेपालका लागि यो गम्भीर चिन्ताको विषय भएको उहाँले बताउनुभयो ।

गाउँगाउँमा युवा र पुरुष वर्गको अनुपस्थितिका कारण खेतीमा जंगली जनावरहरूको आक्रमण बढ्दा किसानहरू मर्कामा पर्नुका साथै मानव वन्यजन्तुबीच द्वन्द्व पनि बढेको उहाँले उल्लेख गर्नुभयो । मन्त्री डा राणाले कृषिलाई शिक्षा, पोषण र स्वास्थ्यसँग समन्वय गरेर अघि बढाउने प्रयास सफल भइरहेको पनि स्पष्ट गर्नुभयो ।रासस

# संघीय निजामती विधेयकमा बदमासी गर्नेलाई कारबाही गर्नुपर्छः अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय निजामती सेवा विधेयक पारित गर्ने क्रममा गम्भीर षड्यन्त्र भएको बताउनुभएको छ ।

योङ कम्युनिष्ट लिग, नेपाल (वाइसिएल) को केन्द्रीय पदाधिकारी बैठकलाई मंगलबार पेरिसडाँडामा सम्बोधन गर्दै अध्यक्ष दाहालले विधेयकमा चलखेल र छेडखानी गर्ने प्रवृत्तिलाई छुट दिन नसकिने भन्दै छानबिन गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेआवश्यकता औँल्याउनुभयो ।



"परिवर्तनका उपलब्धिहरू उल्ट्याउने षड्यन्त्र हुँदै आएको छ । सङ्घीय निजामती विधेयकमा षड्यन्त्र भएको छ," उहाँले भन्नुभयो, "यो विधेयकमा कसले बदमासी गऱ्यो, त्यसको छानबिन गरी, चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौँ ।"

अध्यक्ष दाहालले संविधान र जनताको रगत-पसिनाबाट प्राप्त उपलब्धिहरूलाई उल्ट्याउने प्रवृत्ति यसअघि पनि देखिएको र अहिले पुनः त्यसको पुनरावृत्ति हुने खतरा औँल्याउनुभयो । "यथास्थिति र प्रतिगमन उल्ट्याउने प्रयास भइरहेको अवस्थामा हामीले पार्टीको अभियान रोकेर प्रतिवाद गऱ्यौँ । अहिले पनि त्यो प्रवृत्ति जारी छ," उहाँले भन्नुभयो ।

सो अवसरमा अध्यक्ष दाहालले वाइसिएल नेपाललाई पार्टीको विचार, लाइन र विधानप्रति पूर्ण प्रतिबद्धताका साथ अघि बढ्न आग्रह गर्नुभयो । पार्टीको आठौँ महाधिवेशनले पारित गरेको विधान, विचार र लाइनलाई जनतासमक्ष लैजान आवश्यक रहेको उहाँको भनाइ थियो । अध्यक्ष दाहालले वर्तमान अवस्थामा वर्गसङ्घर्ष थप पेचिलो बन्दै गएको उल्लेख गर्दै विचार र नेतृत्वको रक्षा गर्दै एकताबद्ध रूपमा क्रान्तिकारी धारलाई बलियो बनाउनेतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

"महाधिवेशनले सर्वसम्मत निर्वाचित गरेको नेतृत्व र विचारको रक्षा तथा संस्थागत गर्नु अहिलेको आवश्यकता हो," उहाँले भन्नुभयो । वर्षायामपछि मध्यपहाडी लोकमार्गको अभियानलाई पूर्णता दिने जानकारी दिँदै अध्यक्ष दाहालले त्यसपछि सुरु गरिने सङ्गठन निर्माणको अभियानमा वाइसिएललाई सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभयो ।रासस

# सुरक्षा निकायले न्यून स्रोत र साधनका भरमा काम गरिरहेका छन्ःगृहमन्त्री

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सुरक्षा निकायले न्यून स्रोत साधनका भरमा काम गरिररहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक २०८२ अन्तर्गत गृह मन्त्रालयको विनियोजन शीर्षकमाथि राष्ट्रियसभाका सदस्यहरुले गर्नुभएको प्रश्नको जवाफ




दिँदै गृहमन्त्री लेखकले सुरक्षा निकायहरुको पूर्वाधार विकाससँग सम्बन्धित विषयमा जवाफ दिँदै नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालले न्यून स्रोत र साधनमा काम गरिरहेको उल्लेख गर्नुभयो ।

"हामीले आर्थिक वर्ष २०८२/८३ का लागि उपलब्ध बजेटको सीमाभित्र रहेर केही पूर्वाधार विकासका लागि प्रस्ताव गरेका छौं, साथै यी निकायहरुको पूर्वाधार विकासमा तीनवटै तहको लागत साझेदारीमा पूर्वाधार निर्माण गर्नेगरी रु ४० करोड विनियोजन गरिएको छ", उहाँले भन्नुभयो ।

देशभरबाट अस्थायी प्रहरी चौकी राख्ने, अस्थायीलाई स्थायी गर्ने, स्थायीलाई स्तरोन्नति गर्ने, इलाका प्रशासनहरु राख्नुपर्नेलगायत माग आएको उल्लेख गर्दै गृहमन्त्री लेखकले यी कार्यहरु मन्त्रालयको प्राथमिकताका विषय भएको बताउनुभयो । तर यी कामहरुबाट राज्यलाई थप व्ययभार पर्ने हुँदा त्यो हुन नसकिरहेको उहाँको भनाइ थियो । मागहरु क्रमशः सम्बोधन गर्दै जाने मन्त्रालयको नीति रहेको उहाँले बताउनुभयो ।

सुरक्षा निकायको सरुवा, बढुवा तथा व्यावसायिक बनाउने विषय दुवै सुरक्षा निकायका विधेयकहरु प्रतिनिधिसभाको सुशासन समितिमा छलफलका क्रममा गृहमन्त्री लेखकले जानकारी दिनुभयो । पश्चिम नेपालका डोटी, बझाङ र जाजरकोट केन्द्र विन्दु भई गएका भूकम्पबाट भएको जनधनको क्षतिको राहत तथा पुनःस्थापनाका कार्यलाई तीव्रता दिइएको उहाँले बताउनुभयो ।

"यस विषयमा सरकार संवेदनशील छ, भूकम्पबाट क्षतिग्रस्त निजी आवासको विस्तृत क्षति आकलनको कार्य अगाडि बढेको छ । हालसम्म पश्चिम नेपाल भूकम्पबाट प्रभावित जिल्लाका ७७ हजार ५२८ घरधुरीको विस्तृत क्षति आकलन सम्पन्न भइसकेको छ", उहाँले भन्नुभयो । भूकम्प प्रभावित जिल्लामा अस्थायी आवास निर्माणका लागि हालसम्म जाजरकोटमा रु एक अर्ब ६१ करोड २२ लाख, सल्यानमा रु सात करोड, बाजुरामा रु १० करोड ५० लाख, बझाङमा रु २३ करोड ५० लाख र अन्य विपद् प्रभावित जिल्लामा समेत गरी जम्मा रु तीन अर्ब ९५ करोड ६५ लाख उपलब्ध गराइएको उहाँले सदनलाई जानकारी दिनुभयो ।

गृहमन्त्री लेखकले प्रत्येक स्थानीय तहमा विपद् सामग्री भण्डारण गर्ने गरी गोदाम घरको अवधारणालाई अगाडि बढाएको बताउनुभयो । यसका लागि आवश्यक विपद् सामग्री व्यवस्थापन गर्न प्रदेश सरकार र स्थानीय तहबाट पनि सहयोग हुने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । "प्रदेशस्तरमास्थापितगोदामघरहरू प्रदेश सरकारमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ", गृहमन्त्री लेखकले भन्नुभयो ।

कारागारमा कैदीबन्दीहरुलाई सुरक्षित राख्न आवश्यक सेवासुविधा वृद्धि गरी न्यूनतम मानव अधिकारको संरक्षण गर्न सरकार संवेदनशील रहेको उहाँको भनाइ थियो । कारागारलाई सुधारगृहमा रुपान्तरण गर्न सीपमूलक तालिम, उद्यमका लागि सहयोगी वातावरण र मनोसामाजिक परामर्श उपलब्ध गराइने तथा खुला कारागारको अवधारणाअनुसार कैदीबन्दीलाई लघु, घरेलु तथा साना उद्यममा रोजगारीसँग आबद्ध गरिनेगरी बजेट विनियोजन गरिएको गृहमन्त्री लेखकले जानकारी दिनुभयो ।रासस


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सोचेको भन्दा आम्दानी बढ्ने देखिन्छ। परिवारको सहयोग मिल्नेछ ।
वृष : नयाँ काम गर्ने अवसर मिल्नेछ। जागिरमा पदोन्नति हुनेछ ।
मिथुन : सामाजिक उत्तरदायित्व बहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ।
कर्कट : सहयोगीहरुले काममा साथ दिनेछन् । आँटेका काम पनि सजिलै बन्नेछन् ।
सिंह : साथीभाईसंग भेट हुँदा मन प्रसन्न रहनेछ ।
कन्या : टाढाको यात्रा गर्ने मौका छ। दिगो फाइदा हुने काममा लगानी बढाउन सकिनेछ।
तुला : व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग छ ।
वृश्चिक : आर्थिक लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला ।
धनु : रोकिएका अधुरा कामहरु सुचारु हुनेछन् ।
मकर : समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ ।
कुम्भ: सुखदुखमा साथ दिनेहरु प्रशस्तै भेटिनेछन् ।
मीन : वैदेशिक कामकाजमा फाइदा होला ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वनको संरक्षण र व्यवस्थापनको जिम्मेवारी प्रदेशलाई दिइएको छ : मन्त्री शाही

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले वन संरक्षण, व्यवस्थापन तथा सदुपयोगसँग सम्बन्धित कार्यक्रमका लागि सर्शत अनुदानका रूपमा प्रदेश सरकारलाई बजेट उपलब्ध गराइएको बताउनुभएको छ । राष्ट्रियसभामा विनियोजन विधेयक २०८२ अन्तर्गत वन तथा वातावरण मन्त्रालयमाथि उठेको प्रश्नको जवाफ दिँदै उहाँले देशमा सङ्घीयता कार्यान्वयनसँगै वनको संरक्षण र व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारमातहत रहन गएको स्पष्ट पार्नुभयो ।

मन्त्री शाहीले भन्नुभयो, "वनक्षेत्रका धेरै संरचना प्रदेश सरकार मातहत रहेको र ती संरचनाको चालु खर्च तथा पुँजीगत खर्च प्रदेश सरकारको बजेट अन्तर्गत नै रहने सन्दर्भमा सङ्घीय सरकारबाट सञ्चालन हुने कार्यक्रमका लागि मात्र रु १२ अर्ब तीन करोड ८८ लाख विनयोजन गरिएको छ ।"

सशर्त अनुदानमार्फत प्रदेश सरकारलाई रु तीन अर्ब ९० करोड ९२ लाख र स्थानीय तहलाई ४५ करोड ४८ लाख विनियोजन गरी पठाइएको पनि उहाँले जानकारी दिनुभयो । वन तथा वातावरण मन्त्रालयको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई दिगो वन व्यवस्थापनमार्फत काठको उत्पादन वृद्धि गरी काठ तथा काष्ठजन्य वस्तुमा मुलुकलाई आत्मनिर्भर बनाउने र आयातलाई प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्ने लक्ष्यका साथ बजेट विनियोजन गरिएको मन्त्री शाहीको भनाइ थियो । उहाँले भन्नुभयो, "निजी सार्वजनिक तथा नदी उकास क्षेत्रमा वृक्षरोपण, भू-तथा जलाधार संरक्षण, वन वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, जडीबुटीको संरक्षण तथा उपयोग, चुरे क्षेत्रको एकीकृत संरक्षण, जलवायु परिवर्तनको न्यूनीकरण तथा अनुकूलन र वातावरण संरक्षण कायम गर्दै वनक्षेत्रलाई आर्थिक तथा उत्पादनमूलक क्षेत्रका रूपमा विकास गर्नेगरी कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ ।"

उहाँले वनमा भएका ढलेका, सुकेका, बुढा तथा परिपक्व रुख सङ्कलन गरी काठ दाउराको उत्पादन बढाउने, काठ दाउराको आपूर्ति गर्ने र फर्निचरलगायत वनजन्य सामग्री उत्पादन गर्ने उद्योगलाई सरल रूपमा कच्चापदार्थ उपलब्ध गराई काठजन्य सामग्रीको आयात प्रतिस्थापन गर्नेगरी प्रदेश सरकारमार्फत् कार्यान्वयन गर्न सशर्त अनुदानको व्यवस्था गरिएको बताउनुभयो ।

वन उद्यम तथा वनजन्य सामग्री उत्पादन गर्ने उद्योगलाई कृषि विकास बैंकमार्फत सहुलियतपूर्ण ऋण प्रदान गरिँदै आएको जानकारी दिँदै मन्त्री शाहीले वन डढेँलोलगायत वन अतिक्रमण, रुख कटानी र वन पैदावारको चोरी निकासी नियन्त्रणजस्ता वन संरक्षणका कार्यक्रम प्रदेश सरकारबाट कार्यान्वयनमा ल्याइने बताउनुभयो । उहाँका अनुसार जङ्गली रातो बाँदर र जङ्गली बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ ।

मानव वन्यजन्तु द्वन्द्वको नियन्त्रण र न्यूनीकरण वन तथा वातावरण मन्त्रालयको एकल प्रयासले मात्र सम्भव नहुने हुँदा सम्बन्धित अन्य मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह तथा समुदायकोसमेत उत्तिकै सहभागिता, सहकार्य र सहयोग आवश्यक रहेको मन्त्री शाहीले जानकारी दिनुभयो । उहाँले जलवायु परिवर्तन र वातावरण संरक्षणसम्बन्धमा जलवायु परिवर्तनको असर र प्रभाव न्यूनीकरणका लागि विभिन्न विकास साझेदार निकायसँगको सहकार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनमा सघाउ पुग्ने खालका कार्यक्रमका लागि सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुनेगरी बजेट विनियोजन गरिएको जानकारी दिनुभयो ।

जलवायु परिवर्तन अनुकूलनका लागि अन्तरराष्ट्रिय जलवायु वित्त र प्रविधिमा नेपालको पहुँच बढाउँदै लगिने बताउँदै मन्त्री शाहीले जलवायु परिवर्तन एउटा बहुआयामिक र अन्तरसम्बन्धित विषय भएकाले नेपालले तय गरेका तेस्रो राष्ट्रिय निर्धारित योगदानले तय गरेको लक्ष्य प्राप्तिमा सबै विषयगत मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहकोसमेत रचनात्मक सहयोगको अपेक्षा गर्नुभयो ।रासस

# परेन पानी, भएन रोपाइँ

महोत्तरी । समयमा वर्षात् नहुँदा जिल्लामा धान रोपाइँ न्यून भएको छ । मध्य असार बित्नलाग्दा यहाँ तयार बीउ र पानीको अभावले रोपाइँ पछि परेको हो ।जिल्लामा कुल खेतीयोग्य जग्गा करिब ७१ हजार हेक्टरमध्ये धानखेती ४५ देखि ५० हेक्टरसम्म गरिँदै आइएको छ । तर यसपालि अनुकूल वर्षा नहुँदा ब्याड राख्न भएको ढिलाइ र रोपाइँका लागि पानी नपुग्दा धानखेती पछि परेको कृषि ज्ञान केन्द्रले जनाएको हो ।

"अनुकूल वर्षा नहुँदा किसानले समयमा ब्याड राख्न सकेनन्, अहिले रोपाइँ गर्नुपर्ने बेलामा पनि पानी पर्न सकेन, त्यसैले यहाँको रोपाइँ कम भएको छ", कार्यालय प्रमुख तथा वरिष्ठ कृषि अधिकृत देवानन्द यादवले भन्नुभयो ।

सामान्यतयाः महोत्तरीसहितका मधेसका किसानले जेठ तेस्रो साताभित्र ब्याड राखिसक्ने र असार भित्र रोपाइँ सक्दछन् । यही असार १५ मा धान दिवस मनाइरहँदा यहाँको रोपाइँ दुई-तीन प्रतिशतभित्र रहेको उहाँले बताउनुभयो ।

जिल्लाका कुल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र कुलो नहर पुग्ने सिँचाइ व्यवस्था छ । यसपालि लामो खडेरीले कुलोको पानीका स्रोतको मुहान नरसाउँदा यस्ता जग्गामा पनि रोपाइँ कम भएको जनाइएको छ । भङ्गाहा-५ का भूचक्रपुरका किसान लक्ष्मण महतो सरकारले वैकल्पिक सिँचाइका लागि इनार, बोरिङ, स्यालो ट्यूबवेलजस्ता कार्यक्रम र बीउ, मलखाद एवं प्रविधि किसानसम्म पुर्याउन सकेमात्र खेतीपातीमा किसानको उत्साह बढ्ने बताउनुहुन्छ ।रासस



# वीरगञ्ज भन्सार : भारतबाट आयात चार खर्ब ३४ अर्ब, निर्यात ८७ अर्ब



वीरगञ्ज । चालु आर्थिक वर्षको ११ महिनामा छिमेकी मुलुक भारत हुँदै वीरगञ्ज नाकामा रु चार खर्ब ३४ अर्ब २६ करोड मूल्यबराबरको वस्तु तथा सामान नेपाल भित्रिएका छन् । यो नाका हुँदै कुल आयातको ७६ दशमलव ८० प्रतिशत हिस्सा भारतबाट आयातित सामानको रहेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार यो नाका हुँदै आयात-निर्यातको सबैभन्दा धेरै हिस्सा छिमेकी मुलुक भारतसँग हुने गरेको छ । यो नाका हुँदै हुने वैदेशिक व्यापार भारतसँग धेरै जोडिएको छ । यो नाकामा भारतपछि धेरै वस्तु तथा सामान भित्रिने मुलुकमा अर्जेन्टिना पर्दछ । चालु आवको ११ महिनामा अर्जेन्टिनाबाट रु ४६ अर्ब ७४ करोड मूल्यका वस्तु तथा सामान यहाँ भित्रिएका छन् । सो मुलुकबाट भित्रिएका सामानको हिस्सा भने आठ दशमलव २७ प्रतिशत छ । त्यस्तै, छिमेकी मुलुक चीनबाट सोही अवधिमा रु २८ अर्ब ८६ करोडको वस्तु तथा सामान यहाँ भित्रिएका छन् । चीनबाट आयात हुनेको हिस्सा भने एक दशमलव २२ प्रतिशत छ । चालु आवको ११ महिनामा ५० वटा मुलुकबाट वीरगञ्ज नाकामा रु पाँच खर्ब ६५ अर्ब ४२ करोड मूल्यका वस्तु तथा सामान आयात भएका छन् ।

त्यसैगरी, वीरगञ्ज नाकाबाट चालु आवको ११ महिनामा रु ९१ अर्ब ५१ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ । यो नाका हुँदै ११ महिनामा रु ८६ अर्ब ९७ करोडका वस्तु तथा सामान भारत निर्यात भएको छ । भारत निर्यातको हिस्सा भने ९५ दशमलव ०५ प्रतिशत छ । यो नाका हुँदै सोही अवधिमा धेरै निर्यात हुने दोस्रो मुलुक अमेरिका रहेको छ । जहाँ कुल निर्यातको दुई दशमलव ३८ प्रतिशत अर्थात् रु दुई अर्ब १८ करोड मूल्य पर्ने वस्तु तथा सामान निर्यात भएको छ । त्यस्तै अफगानिस्तानमा पनि यो नाका हुँदै सोही अवधिमा रु ६८ करोडको वस्तु तथा सामान निर्यात भएको छ ।रासस

# वैदेशिक रोजगारीमा ठगी गर्नेलाई कानुनी दायरामा ल्याइनेछ: मन्त्री भण्डारी

पाटन । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले कानुनी छिद्र प्रयोग गरेर वैदेशिक रोजगारीमा ठगी गर्नेलाई कानुनी दायरामा ल्याइने बताउनुभएको छ ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमद्वारा मंगलबार ललितपुरमा आयोजित तेस्रो चरणको सिकाइ तथा अनुभव आदानप्रदान कार्यक्रमको उद्घाटनका अवसरमा मन्त्री भण्डारीले अहिले पनि वैदेशिक रोजगार विभागमा ३६ हजार ठगीका मुद्दा रहेकाले ऐन संशोधन गरेर मुद्दा फछ्र्यौटलाई सहज बनायने बताउनुभयो ।

"अहिलेकै कानुनअनुसार हुने हो भने सबै मुद्दा टुङ्गोमा पुग्न २५ वर्ष लाग्छ, त्यसकारण ऐन संशोधन गर्ने पक्षमा छौँ, वैदेशिक रोजगार न्यायाधिकरणको पक्षमा छौँ, जिल्ला जिल्लामा उजुरी लिएर जिल्ला अदालतमा मुद्दा चल्ने अवस्थाका लागि व्यवस्थापन गर्दैछौँ, जिल्ला प्रशासन कार्यालयमै उजुरी दिने व्यवस्था गर्नु आवश्यक छ," उहाँले भन्नुभयो ।




मन्त्री भण्डारीले बाध्यात्मक वैदेशिक रोजगारीको विकल्प आन्तरिक रोजगारको विकास र प्रवर्द्धन रहेको उल्लेख गर्दै सुरक्षित वैदेशिक रोजगारसँगसँगै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि पनि जोड दिइएको बताउनुभयो ।

"पहिला मन्त्रालयको ध्यान वैदेशिक रोजगारमा मात्रै थियो, अहिले आन्तरिक रोजगारलाई ध्यानमा दिएर सीप विकास प्रतिष्ठानमार्फत कार्यक्रमलाई अगाडि बढाएका छौँ, अब नेपालीलाई वैदेशिक रोजगारबाट फर्काएर मुलुकको आर्थिक विकास र समृद्धिको हितमा काम गर्न सामीमार्फत नै अभियान अगाडि बढाउन जोड दिन्छौँ, अबको अवस्थामा हामीले यही रोजगारी र अर्थतन्त्रको सृजना गर्नुपर्छ," उहाँले भन्नुभयो ।

सामी परियोजनाले कार्यक्रमको औचित्यता प्रमाणित गरेको उल्लेख गर्दै मन्त्री भण्डारीले सुरक्षित आप्रवासनको सेवालाई ७५३ वटै पालिकामा पुऱ्याउन चाहेको बताउनुभयो । "अहिले हामीले राष्ट्रिय आप्रवासन नीतिका लागि ध्यान दिएका छौँ, सरकारले मनोसामाजिक परामर्श गर्ने कुरालाई पनि जोड दिएको छ, वैदेशिक रोजगारका सन्दर्भमा दुई पक्षीय सम्झौताका आधारमा न्यूनतम तलब तोकेर श्रमिकका हितमा काम गरेका छौँ, आतेजाते खर्चमा रोजगारदाताले व्यवस्थापन गर्नुपर्ने गरी व्यवस्था गराउन जोड दिएका छौँ, यो विषयमा अहिले छलफल गरिरहेका छौँ, मेनपावर व्यवसायीले रोजगारीमा जानेसँग बढी पैसा लिएर कामको प्रमाण दिने काम पनि भएको छ, यसलाई पनि ध्यान दिएका छौँ, प्रत्येक नागरिकको हातमा श्रमसंसारको सेवा पुग्नुपर्छ, अहिलेको अवस्थामा प्रविधिको उपयोगलाई ध्यान दिएका छौँ, सबै खालका सेवा प्रवाह स्थानीय तहमा पुऱ्याउन खोजेका छौँ," मन्त्री भण्डारीले भन्नुभयो ।

वैदेशिक रोजगारका कारण मुलुक खाली भयो भन्ने भाष्य सृजना गरिएको जिकिर गर्दै उहाँले पाँच वर्षमा ६० लाख नागरिक वैदेशिक रोजगारीमा गएपनि ५० लाख नागरिक स्वदेश फर्किएको तथ्याङ्क रहेको बताउनुभयो ।रासस

# वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिको मस्यौदा तयार

काठमाण्डु । वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिको मस्यौदा २०८२ तयार भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मंगलबार सरोकारवालाबीच मस्यौदामाथि थप छलफल गरेको छ ।

प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले उक्त छलफलमा सरोकारवालाले दिएका सुझावलाई समावेश गरेर मस्यौदालाई अन्तिम रूप दिने बताउनुभयो । "वन डढेलोका कारण धनजनको क्षति बर्सेनि भइरहेको छ । तसर्थ बिमाको व्यवस्था हुनुपर्ने कुरालाई हामीले जोड दिएका छौँ," उहाँले भन्नुभयो, "यसका लागि डढेलोको जोखिम व्यवस्थापनका लागि निजी क्षेत्र र स्थानीयसँग सहकार्य र समन्वय गरेर अगाडि बढ्ने छौँ ।"

यसैगरी वनविद् विजयराज पौडेलले डढेलाले बर्सेनि मानवीय क्षति मात्रै नभएर आर्थिक क्षति पनि बढाउन थालेको भन्दै वन डढेलाको क्षतिको आर्थिक सर्वेक्षण गर्नुपर्ने सुझाव आएको बताउनुभयो । "वन डढेलो नियन्त्रणका लागि समुदायमा सचेतना बढाउन आवश्यक छ, यसका साथै पीडितको पुनःस्थापपना पनि जरुरी छ," उहाँले भन्नुभयो, "रणनीति कार्यान्वयनका लागि पाँच वर्षमा करिब १२ अर्ब ८५ करोड लागत लाग्ने अनुमान छ ।"रासस


## सखुवानन्कारकट्टी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सखुवानन्कारकट्टी, सिरहा
### मधेश प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी भर्ना गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।०३।१८)

सखुवानन्कारकट्टी गाउँपालिकाको लागि निम्न कर्मचारीहरु करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र इच्छुक र योग्यता पुगेका नेपाली नागरिकहरु यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०८१-०८२ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |
| २ | ०२/२०८१-०८२ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**क. आवश्यक न्यूनतम योग्यता र अनुभव -**

१. **रोजगार सहायक** – नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण गरेको र आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महीनाको तालिम लिएको ।

२. **प्राविधिक सहायक** – नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्गमा प्रमाण-पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको र आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महीनाको तालिम लिएको ।

**ख. उमेर** - दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

**ग. सेवा सम्बन्धी प्रचलित कानून वमोजिम अयोग्य नभएको ।**

- **छनौटको किसिम** – प्रारम्भिक योग्यताक्रमको सूची र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।
- **परीक्षा मिति** – पछि प्रकाशन गरिनेछ ।
- **आवेदन शुल्क** – रु. ५००।- एन.एम.वि. बैंक सखुवान शाखामा रहेको राजश्व खाता नं. ११०००८५११७५००१९९ मा जम्मा गरेको सक्कल भौचर ।
- **दस्तुर बुझाउने अन्तिम मिति** – सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र र १५ औं दिन विदा भए सोको भोलिपल्टसम्म ।
- **सेवा सुविधा तथा अन्य** – स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।
- **करार अवधि** – २०८३ असार मसान्त सम्म । आवश्यकता अनुसार म्याद थप हुन सक्नेछ ।
- **आवश्यक कागजातहरु** – आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु
  - ♦ नागरिकता
  - ♦ न्यूनतम योग्यताको लव्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
  - ♦ तालिमको प्रमाणपत्र
  - ♦ अनुभव भए सोको कागजातहरु
  - ♦ आवेदकको पासपोर्ट साइजको फोटो ३ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**



### मधेश प्रदेश सरकार
## प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र
### जनकपुरधाम, धनुषा, नेपाल


## आशयको सूचना

मिति २०८२/०३ /१८

यस कार्यालयबाट मिति २०८२/०१/१४ मा नेपाल समाचारपत्र दैनिकमा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नका लागि रित पुर्वक पेश हुन आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कन सारभुत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८२/०३/१७ को निर्णयानुसार स्वीकृतिको लागी छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क.सं. | ठेक्का नं. | कार्यको विवरण | कबोल रकम (मु.अ.कर सहित) | सारभुत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | MP/PHLMC/NCB/ GOODS-26/2081/82 (The procurement and supply of Free Essential Medicines) | निःशुल्क वितरणका लागी औषधि खरिद | ७४,८४४,०००.०० | लव मेडिकल हल जलेश्वर ४, महोत्तरी । |




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विधेयकमा किर्तेको छानबिन गर

नेपालको प्रतिनिधि सभाको राज्य व्यवस्था समितिले तयार गरी दिएको निजामती कर्मचारी सम्बन्धी पारित भएको विधेयकमा किर्ते गरी शब्द थपघट गरिएको देखिएपछि सांसदहरु स्तब्ध र आक्रोशित देखिएका छन् । अवकाश प्राप्त वा राजीनामा दिएका कर्मचारीहरुले सेवामुक्त भएको दुई वर्षसम्म सरकारले नियुक्ति गर्ने कुनै पनि पदमा नियुक्ति नहुने प्रावधान राज्य व्यवस्था समितिले सर्वसम्मतिबाट राखेर प्रतिनिधि सभामा पासका लागि पठाएको थियो । विधेयक पनि सर्वसम्मतीबाट प्रतिनिधि सभामा पारित भयो । तर त्यसपछिको विधेयकमा राज्य व्यवस्था समितिमार्फत सबै सांसदहरुले सहमति जनाएको दुई वर्षको 'कुलिंग पिरियड'को मर्मलाई नै ध्वस्त बनाउँदै किर्ते गरिएको छ । किर्ते गरिएको देख्ने वित्तिकै सांसदहरु आक्रोशित बनेका छन् । संसदबाट पारित भएको विधेयकमा समेत किर्ते गर्नेलाई कडा कारबाही हुनुपर्नेमा उनीहरुले जोड दिएका छन् । उनीहरुले राज्यव्यवस्था समितिका सभापति रामहरि खतिवाडाको राजीनामा समेत मागेका छन् । हुन त खतिवाडा पनि तातेका छन् । उनले पनि किर्ते गर्नेलाई कारबाही गर्नुपर्ने माग गरिरहेका छन् । संसद् सचिवालय र समिति सचिवालय समेत जोडिएको भन्दै सांसदहरूले आपत्ति जनाएका छन् । तर उनीहरूले कसले कमजोरी गरेको हो भन्ने पत्तो लगाउन सकेका छैनन् । सर्वसम्मतिबाट बनेको कुलिङ पिरियडको सवालमा भएको किर्ते प्रकरणमा प्रतिनिधि सभाको सांसदहरूको आपत्ति पछि समितिको निर्धारित बैठक समेत अवरुद्ध भएको छ । सभामुख देवराज घिमिरे समेत चकित भएका छन् । हुन त यस प्रकारको घटना भने यो पहिलो होइन विगतमा पनि कर्मचारीहरुले आफ्नो सुविधा अनुसारको शब्दहरु राखेर विधेयकलाई अनुकूल बनाउने काम गरेको बताइन्छ । विधेयक पारित भएपछि तत्कालै अध्ययन गर्न भन्दा विश्वासमा सांसदहरु रहने गरेका छन् । राज्य व्यवस्था सुशासन समितिका सचिव समेत रहेका संघीय मामिला मन्त्रालयका सचिव सुरजकुमार दुराले केही गल्ती भएको स्वीकार गरेका छन् । तर प्रतिनिधि सभाबाट पारित उक्त विधेयकमा चोर बाटोबाट शब्द थप गरेर दुई वर्षे कुलिङ पिरियडको प्रतिकूल बनाउने काम गरेको भन्दै त्यसलाई सांसदहरूले 'गम्भीर अपराध' भएकाले छानबिन र दोषीमाथि कारबाही गर्नुपर्ने माग गरेका छन् । देशको सर्वोच्च जनप्रतिनिधिमुलक संस्थाको सर्वसम्मति निर्णयलाई नै किर्ते गरी अनुकूल बनाउने कर्मचारीतन्त्र कति निडर रहेको भने प्रमाण हो । प्रतिनिधि सभाले पारित गरेको विषयमा कुनै प्रकारको कुनै विषयलाई किर्ते गर्ने अधिकार स्वयं संसद र सभामुख समेतलाई छैन । तर कर्मचारीले कम्प्युटरबाटै आफ्नो अनुकूल हुने गरी विधेयकमा किर्ते गर्ने गरेको देखिन्छ । प्रतिनिधि सभालाई नै अपमानित गर्ने दुस्प्रयास गरेका जो कोही भए पनि कारबाहीको दायरामा ल्याउनु पर्छ ।

# मार्क्स र गालिब



रोशन जनकपुरी

***हैं और भी दुनियाँ मे सुखनवर बहुत अच्छे***
***कहते हैं गालिब का है अन्दाजे बयाँ और ।***

(दुनियाँमा अरुपनि राम्रा कविहरु छन्, (तर) भनिन्छ गालिबको प्रस्तुति नै फरक हुन्छ ।)

गालिब, मिर्जा असदुल्लाह खान गालिब, उर्दुको सबैभन्दा ठूलो शायरहरुको नाम मध्येको एउटा नाम हो । उनी भारतमा मुगल साम्राज्यको अन्तिम शासक बहादुर शाह जफरको दरबारको सबैभन्दा चम्किला रत्न थिए । उनको शायरीमा एकातिर प्रेम, मानवीयता, आध्यात्मिकता र स्वाभिमान पाइन्छ भने, अर्कोतिर उनको स्वाभावको काव्यिक अहंकार ठाउँ ठाउँमा देखिने गरिन्छ । हुन त यो काव्यिक अहंकार मात्र थिएन, बरु स्वाभिमानपनि थियो । मुगल बादशाहको दरबारमा आश्रित कवि भएर पनि उनी बादशाह र उच्च ओहदाका दरबारिया समेतको असमान व्यवहार सहन सक्दैनथ्ये । उनको एउटा गजलको पंक्ति यस्तो छ :

*'हरेक बात पे कहते हो तुम कि तू क्या है,*
*तुम्ही कहो कि ए अन्दाजे गुफ्तगु क्या है ।'*

(पटक पटक तिमी भन्छौं कि तँ को होस, तिमी नै भन कुराकानी गर्ने यो तरिका के हो ?)


मिर्जा गालिबको काव्यिक सामर्थ्यबाट कार्ल मार्क्स पनि प्रभावित थिए र र उनीहरु बीच पत्र सम्वाद भएको थियो, भन्ने तथ्य धेरैको निम्ति नयाँ र अचम्भलाग्दो हुनसक्छ । यहाँ उल्लेखनीय छ गालिबको अखडड स्वाभाव मार्क्ससँग उनको पत्रहरुमा पनि समेत झल्किन्छ । कार्ल मार्क्सले गालिबलाई गजल सरल भाषामा तथा बादशाहको प्रशंसाको साटो श्रमजीवि वर्गको निम्ति लेख्न केही लेखन सम्बन्धी सुझाव दिएर पत्र लेखेका थिए ।

गालिब मार्क्सभन्दा २१वर्ष जेठा थिए । उनको जन्म २७ सेप्टेम्बर १७९७मा र मार्क्सको जन्म ५ मे १८१८मा भएको थियो । मार्क्सले गालिबलाई पत्र लेख्नु र गालिबले प्रत्युत्तर दिनु प्रत्यक्षमा सामान्य घटना भएपनि सन् १८६७को अप्रिल र सेप्टेम्बरमा लेखिएका यी दुई पत्रहरुमा उन्नाइसौं शताब्दीका दुई महान बौद्धिक व्यक्तित्वहरुको व्यक्तित्व, चिन्तन र तत्कालीन ऐतिहासिक परिवेशको झलक दिन्छ । यस पत्र व्यवहारभन्दा दसवर्ष पहिला सन् १८५७मा भारतमा अँग्रेजी साम्राज्यवादको विरुद्ध अन्तिम मुगल शासक बहादुर शाह जफरको नेतृत्वमा देशव्यापी सशस्त्र विद्रोह असफल भैसकेको थियो, र ब्रिटिश साम्राज्यवादी शासन भारतमा निर्णायकरुपमा स्थापित भैसकेको थियो । यस विद्रोहलाई सिपाही विद्रोहपनि भनिन्छ । वृद्ध मुगल बादशाह बहादुर शाह जफर बन्दी बनाएर म्याँमार (तत्कालीन बर्मा) पठाइए, जहाँ उनको मृत्यु भयो । र, मिर्जा गालिब आश्रयविहीन भए । मार्क्स र गालिबबीचको पत्रसम्वाद यस्तै ऐतिहासिक परिवेशमा भएको हो ।

दुई फरक भूगोलका महान व्यक्तित्वहरुको आपसी परिचय होला भन्ने कल्पना गर्नपनि गाह्रो थियो । तर सन् १९९५मा अमेरिकाको 'भ्वाइस अफ अमेरिका' नामक समाचार संस्थामा एक जना पत्रकार आबिदा रिप्ले ले लन्डनको प्रसिद्ध पुस्तकालय इन्डिया अफिसमा पुराना दस्तावेजहरु हेर्ने क्रममा उर्दूको एउटा पुरानो पुस्तक हेर्ने क्रममा गालिबको हस्ताक्षर र सिलमोहर भएको एउटा पत्र भेट्टाएकाकी थिइन् । आबिदाले गालिबका यस पत्रलाई तारिक इकबाल नामक उर्दूको विद्वानबाट अनुवाद गराइन् । त्यसपछि उनले कार्ल मार्क्सले गालिबलाई लेखेको पत्र खोज्न निरन्तर पन्द्रवर्ष कठिन मिहनेत गर्नु पऱ्यो । यी दुई पत्रको खोजीबारे आबिदाको परिश्रमसाध्य विस्तृत विवरण मेरिन्युज डटकममा 'लिटरेरी इनकाउन्टर बिटविन गालिब एन्ड मार्क्स' शीर्षकमा प्रकाशित भयो । रोचकता के छ भने यी पत्रहरुमा उल्लेखित प्रेमलाई केन्द्रमा राखेर लेखिएका शेरहरुलाई मार्क्सले भारतीय स्वतन्त्रताको क्रान्तिकारी चाहनाको रुपमा बुझेर उनलाई छन्दमुक्त कविता लेख्ने सल्लाह दिएका रहेछन् । अर्कोतर्फ गालिबले मार्क्सलाई लन्डनमा बस्ने प्रभावशाली अँग्रेज व्यक्तित्व ठानेर आफ्नो निम्ति आर्थिक वृत्तिको वायसराय (भारतमा ब्रिटिस शासनको मूख्य प्रतिनिधि)लाई सिफारिस गरिदिन अनुरोध गरेका रहेछन् ।

यी दुई भिन्न प्रवृत्तिका पत्रहरुको विशिष्टता के छ भने यस्मा एकातिर मार्क्सभित्र रहेको विश्व सर्वहारा क्रान्तिको चिन्ता र मानवीय प्रेम, र अर्को गालिबमा सामन्तवादी पारम्परिक दरबारिया चेतना सहितको





बौद्धिक ज्ञान र प्रवृत्ति प्रष्ट देख्न सकिन्छ । मेरिन्युज डटकममा 'लिटरेरी इनकाउन्टर बिटविन गालिब एन्ड मार्क्स' शीर्षकमा अँग्रेजीमा प्रकाशित यी पत्रहरुको नेपाली अनुवाद यहाँ प्रस्तुत गरिन्छ :

कार्ल मार्क्सले गालिबलाई लेखेको पत्र :

आइतवार, अप्रिल २१, १८६७
लन्डन, इङ्गल्यान्ड
प्रिय गालिब,

दुईदिन पहिले मेरो मित्र एङ्गेल्सको पत्र प्राप्त भयो । यस पत्रको अन्तमा लेखिएको दुई पंक्ति (कप्लेट, शेर)ले म अति नै प्रभावित भएँ । यी पंक्तिहरु मिर्जा असदुल्लाह खान गालिब नामक एकजना भारतीय कविले लेखेका हुन् भन्ने कुरा अनेक प्रयत्नपछि मैले थाहा पाएँ । भाई, यो अद्भुत छ । भारत जस्तो देशमा दासताबाट मुक्तिको भावना यति छिटो आउनेछ भन्ने मैले परिकल्पना गरेको थिइनँ । हिजो, लर्डको व्यक्तिगत् पुस्तकालयबाट तपाँईका केही अरु काव्यमय सृजना हेर्न पाएँ । यो शेर अति नै सराहनीय छ :

***हमको मालूम हैं जन्नत की हकीकत लेकिन,***
***दिल को बहलाने को गालिब ए खयाल अच्छा है ।***

(मलाई स्वर्गको वास्तविकता थाहा छ तर, आत्मालाई सान्त्वना दिन यो निहुँ राम्रो छ ।)

आफ्ना नयाँ संस्करणका कविताहरुमा श्रमजीविहरुलाई विस्तृतरुपमा सम्बोधन गरेर लेख्नुहोस : " जमिन्दार, प्रशासन र धार्मिक नेता (गुरु)हरुले तिमीहरुलाई स्वर्गको काल्पनिक दुनियाँमा लगेर तिम्रो परिश्रमको फल लुट्ने गर्छन् । बरु तपाँईले यस बारे केही पंक्तिहरु लेख्नु भयो भने झन् राम्रो हुनेछ :

दुनियाँ भरीका मजदूरहरु एकजुट (मुत्ताहिद) होउ ।"

म भारतीय शैलीको काव्यात्मक व्यवहारसंग राम्ररी परिचित छैन । तपाँई कवि हुनुहुन्छ, काव्यात्मक अनुशासन (छन्द)मा रहेर केही सारगर्भित लेख्नु हुन्छ । जे होस, यसको एकमात्र उद्देश्य आफ्नो सन्देशबाट जनतालाई उत्साहित गर्नु छ । यस अतिरिक्त, तपाँईले गजल वा कता (चतुष्पदी) जस्तो फुर्सदको लेखन (लिजर राइटिङ्स) छाडेर, छोटो समयमा धेरै लेख्न सकिने छन्दमुक्त शैलीमा लेख्न म सल्लाह दिन चाहन्छु । र, तपाँईले जति धेरै लेख्नु हुन्छ, त्यति नै धेरै दुःखी जनताले पढन र विचार गर्नु पर्छ ।

म कम्युनिस्ट घोषणापत्रको हिन्दुस्तानी संस्करणको पहिलो खण्ड पठाउँदैछु । दुर्भाग्यवश यस्को अनुवाद उपलब्ध छैन । तपाँईलाई मन पऱ्यो भने अर्कोपटक केही अरु साहित्य (सामग्री) पनि पठाउने छु । वर्तमान समयमा भारत अँग्रेजी साम्राज्यवादीहरुको अड्डा बनेको छ । र शोषित र दलित जनता वा श्रमिकहरुको सामूहिक प्रयासले मात्र उनीहरुलाई अपराधीहरुको चंगुलबाट मुक्त गराउन सक्छ ।

तपाँईले एसियाई विद्वानहरुको पुराना र अव्यवहारिक विचारहरुको तुलनामा पश्चिमको आधुनिक दर्शनको अध्ययन गर्नु पर्छ ; र (तपाँईले) मुगल राजाहरु र नवाबहरुको खिस्सा र प्रशंसा लेख्नु हुँदैन र जनताका क्रान्तिकारी मुद्दाहरुलाई सम्बोधन गर्ने साहित्यको सृजना गर्नुपर्छ । क्रान्ति अपरिहार्य छ । संसारको कुनै तागतले यसलाई रोक्न सक्दैन । गुरु र शिष्यको परम्परा समाप्त हुने समय छिट्टै आउनेवाला छ ।

भारत क्रान्तिको अविचल बाटोमा अघि बढने छ भन्ने कामना म गर्छु ।

तपाँईको,
कार्ल मार्क्स

मिर्जा गालिबले जवाफमा मार्क्सलाई लेखेको पत्र :

९ सेप्टेम्बर १८६७
दिल्ली, हिन्दुस्तान
मेरो अपरिचित मित्र मार्क्स,

कम्युनिस्ट म्यानुफेस्टो (कम्युनिस्ट घोषणापत्र) सहित तपाँईको पत्र प्राप्त भयो । म कसरी उत्तर दिउँ ? सबैभन्दा पहिले, तपाँईले जो भन्दै हुनु हुन्छ, (मेरो निम्ति) त्यो बुझ्नै गाह्रो छ । दोस्रो, म लेख्नुसंगै बोल्नमा पनि अशक्त भैसकेको छु । आज एकजना मित्रलाई पत्र लेखीरहँदा तपाँईलाईपनि पत्र लेख्ने विचार आयो । फरहाद ( गालिबको एउटा कथाको सन्दर्भ, अरबी लोककथामा प्रचलित सिरिँ फरहाद नामक प्रेमकथाको नायक पात्र)को बारेमा तपाँईको दृष्टिकोण त्रुटिपूर्ण छ । तपाँईले बुझ्ने झैँ त्यो कुनै मजदूर होइन । बरु त्यो एउटा प्रेमी थियो, तर प्रेमप्रति उसको दृष्टिकोणले मलाई प्रभावित गरेन । उ प्रेममा बौलाएको थियो र आफ्नो प्रेमिकाको निम्ति सँधै आत्महत्या गर्ने सौँचि रहन्थ्यो । र तपाँई कुन इन्कलाब (क्रान्ति)को कुरा गर्नु हुन्छ ? त्यो अतीत भैसकेको छ, दसवर्ष पहिले समाप्त भयो । आजकाल (यहाँ) अँग्रेजहरु छाती चौडा गरेर डुल्छन् र यहाँका सबैले उनको गुणगान गर्छन् । राजसी ठाठबाठ र विलासिताको अनुशासन अतीतको कुरा भैसकेको छ ; र गुरु र शिष्यको परम्परा आफ्नो आकर्षण गुमाउँदै गैरहेको छ ।

तपाँईलाई विश्वास छैन भने दिल्लीको भ्रमण गर्नुस र सबै साक्षात हेर्नुस .....र यो दिल्लीमा मात्रै होइन, लखनउको खुबीपनि हराउँदै छ .... कहाँ गए ती शिष्टाचारहरु ....कहाँ छन् ती सज्जनहरु ! अब तपाँई कुन क्रान्तिको भविष्यवाणी गर्नु हुन्छ ? र तपाँईको पत्रका माझमा कविता लेखनको शैली बदल्ने कुरा लेखिएको मैले पाएँ । ध्यान दिनुस, कविता सृजना गरिँदैन, यो स्वाभाविकरुपमा तपाँईमा आउँछ (जन्मन्छ) । र मेरो मामिला फरक छ । जब विचारहरु प्रवाहित हुन्छन्, ती कुनैपनि रुप, गजल वा कता (चतुष्पदी)मा विलीन हुने गर्छन् ।

शायरीको दुनियाँमा गालिबको अन्दाज (शैली) अनुपम (बेमिसाल) छ भन्ने मेरो मान्यता छ, र त्यसैकारण, बादशाहहरु गैसकेका छन्, र म ती नवाबहरु र आश्रयदाताहरु, जस्ले मलाई आश्रय दिएका थिए, तिनिहरुबाट म वञ्चित होउँ भन्ने तपाँईको चाहना छ .....


मैले उनीहरुको प्रशंसामा केही पंक्ति लेखेमा के नै बिगार हुन्छ ?

दर्शनशास्त्र के हो र जीवनसंग यस्को सम्बन्ध के छ, यो मभन्दा राम्रो कस्ले बुझेको छ ? मेरो प्रिय, तपाँई कुन आधुनिक सौँचको कुरा गर्दै हुनुहुन्छ ? तपाँईको रुचि यस्मा छ भने वेदान्त र वहदत उल वजूद (एकेश्वरवादको सुफी दर्शन)को अध्ययन गर्नुस । र केवल विचारमाथी विचारको राग अलाप्न बन्द गर्नुस, सक्नु हुन्छ भने यस दिशामा केही काम गर्नुस ....तपाँई अँग्रेज हुनुहुन्छ, ममाथी एउटा उपकार गर्नुस । मेरो पेन्सन फेरी जारी गरियोस भनेर वायसरायको नाममा सिफारिस पत्र लेख्ने कृपा गरिदिनुस .... । अब म धेरै थाकी सकेको जस्तो महसुस गरिरहेको छु । त्यसैले अब म यसलाई यही अन्त गर्छु ,

नम्रतापूर्वक तपाँईको
गालिब ।

यस पत्र व्यवहारको दुई वर्षपछि अर्थात सन् १८६९मा फेब्रुअरी १५ तारिखको दिन ७१ वर्षको उमेरमा गालिबको निधन भयो । गालिबको मृत्युको १४वर्षपछि मार्क्सको मृत्यु ६४ वर्षको उमेरमा सन् १८८३ मार्च १४मा भयो ।

# राज्य पुनः संरचनामा असन्तुलन : विभेदमा कर्णाली र पहाड



नरेन्द्रनाथ योगी

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको १७ वर्ष र संविधान जारी भएको पनि नौ वर्ष भएको छ । यो संविधानको मातहतमा मुलुक शासित छ । अहिले संविधान र पद्धतिउपर पुनः बहस अर्थात् पुनः विचारको आवाज उठिरहेको पाइन्छ । त्यति मात्र होइन संस्थापन पक्ष वा सरकार सञ्चालक र प्रतिपक्षबिच संविधान संशोधनमा मत-विमत भइरहेको पाइन्छ ।


संविधान अन्तर्गतको व्यवस्थाले आम नागरिकको रक्षा, सुरक्षा र हक-अधिकारको प्रत्याभूति (ग्यारेन्टी) के, कति र कुन प्रकारले कसरी गऱ्यो भन्नेमा समीक्षा गर्न आवश्यक छ । निर्भीक भएर यसबारे समीक्षा गर्न पाउने नागरिकको अधिकार र स्वतन्त्रता पनि हो । संविधानको विश्लेषणात्मक समीक्षा गरी त्यसमा सुधार वा संशोधन गर्न नागरिकको पनि भूमिका हुनुपर्छ । यस विषयमा समयमै जुट्न आवश्यक छ । कुनै पनि मुलुकमा व्यवस्था र त्यस अन्तर्गत बन्ने संविधान र कानुन देश जनता र समाज अनुकूल हुनैपर्छ । प्रतिकूल हुन थाले, त्यसलाई स्वीकार गर्ने वा नगर्ने भन्ने विषयमा फरक मत राख्न पाउने मुख्य उपभोक्ता भनेकै सम्बन्धित मुलुकका नागरिक हुन् । यस्तै प्रक्रियाद्वारा जनताले विना बाधा-अवरोध स्वतन्त्रपूर्वक समीक्षा, आलोचना, टीका-टिप्पणी र पक्ष-विपक्षमा बहस गर्न पाउनु नै लोकतन्त्रको सुन्दर पक्ष हुन्छ । त्यसैले अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनले भनेका थिए– जनताद्वारा जनताकै लागि जनताले नै शासन गर्न पाउने पद्धति लोकतन्त्र हो ।

मुलुकमा संघीय लोकतन्त्रात्मक गणतन्त्र प्राप्त गर्नका लागि नेपाली जनताले त्याग र बलिदान गरेका छन् । हिजो राज्य सरकारले नागरिकलाई हक-अधिकार नदिएको, सेवा-सुविधा समान ढंगले वितरण नगरेको र सामाजिक न्यायलाई ख्याल नगरेकै कारण देशमा लोकतान्त्रिक गणतन्त्र ल्याउनुपरेको हो ।

आज किन अन्य प्रदेशको तुलनामा बागमती र मधेश प्रदेशमा बजेट बढी विनियोजित गरिन्छ ? २०८१/८२ मा विनियोजित बजेट हेर्दा सिंगो कर्णाली प्रदेशका झन्डै ७.५ अर्ब र मधेश प्रदेश अन्तर्गतको सिराहा जिल्लामा ८.५ अर्ब छ । यसरी भौतिक पूर्वाधार विकास मन्त्रालयको नामबाट वितरीत बजेटमा यस्तो अन्तर देखापरेको छ । त्यस्तै आव २०८२/८३ को बजेटमा कर्णालीमा २१ वटा आयोजना रहेका छन्, जसमा पाँचवटा आयोजनाको मात्र लागत बजेट खुलाइएको छ, अरु १६ आयोजनाका बजेट रकम खुलाएको छैन । बजेट खुलाएका आयोजना क्रमशः भेरी पम्पिङ खानेपानी आयोजना दुई वर्षमा सक्न १ अर्ब ३२ करोड, सुर्खेत वीरेन्द्रनगरमा दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता गर्न ५४ करोड, कर्णाली करिडोरको हिल्सा सिमिकोट रखुलालु पिलुचौर तुम्च सडक स्तरोन्तिका लागि १ अर्ब २७ करोड, भेरी बबई डाइर्भसन आयोजनाको हेडवर्क्स र पावरहाउस निर्माण दुई वर्षमा सक्न २ अर्ब ७ करोड, सुर्खेतमा निर्माणाधीन मेडिकल कलेज पूर्वाधाार निर्माणका लागि १४ करोड गरी पाँचवटा आयोजनाको बजेट न्यून रूपमा खुलाएको पाइयो । अरु आयोजनाको लागत बजेट मौन छ । अरुमा कति फरक पऱ्यो होला, त्यो सहजै अनुमान गर्न सकिने कुरा भयो । यो त भयो वार्षिक विकास बजेट वितरणमा गरिएको विभेदका नमुना ।

### राजनीतिक प्रतिनिधित्व र भौगोलिक विभेद

बागमती प्रदेशबाट संघमा प्रत्यक्षतर्फ ३३ सांसद्, प्रदेश सभामा ६६ र ३,४१,४९२ मतदाता रहेका छन् । मधेश प्रदेशबाट संघमा ३२ सांसद्, प्रदेशसभामा ६४ र ३३,८६,६२८ मतदाता रहेका छन् । त्यस्तै कोशी प्रदेशमा संघमा २८ सांसद्, प्रदेशमा ५६ र ३,३९६,८६५ मतदाता रहेका छन् । लुम्बिनी प्रदेशमा संघमा २६ सांसद्, प्रदेशसभामा ५२ र १८,१७,५४१ मतदाता रहेका छन् । यस्तै कर्णाली प्रदेशमा संघमा १२, प्रदेशमा २४ र १०,०८,४०३ मतदाता रहेका छन् ।



राज्य पुनः संरचना गर्दा सामर्थ्य, पहिचान, भूगोल र जनसंख्या आदिलाई आधार बनाएर गरिनुपर्नेमा त्यस वेला केवल जनसंख्यालाई मात्र ध्यान दिएर बनाइयो; सामर्थ्य, पहिचान र भूगोललाई बेवास्ता गरियो । अहिले आएर हरेक प्रदेशमा राज्यले समान रूपमा विकास गर्न नसक्नु र बजेट विनियोजनमा पनि सन्तुलन गर्न नसक्दा जनसंख्या दुर्गमबाट सुगमतर्फ सर्ने ( विस्थापित हुने) समस्या बढेको छ ।

बागमती प्रदेशको जनसंख्या ६०,८०,४४२ (२०.०४ प्रतिशत), मधेश प्रदेशको जनसंख्या ६१,२६,२८८ (२०.९९ प्रतिशत), लुम्बिनी प्रदेशका जनसंख्या ५१,२४,२२५ (१७.५५ प्रतिशत) र कर्णाली प्रदेशको जनसंख्या १६,९४,८८९ (५.८१ प्रतिशत) र सुप प्रदेशको जनसंख्या २,११,२७० (९.२९ प्रतिशत) रहेको २०७८ को राष्ट्रिय जनगणनाका तथ्याङ्कले देखाउँछ । भौगोलिक दृष्टिकोणमा जनसंख्या तराईमा १,५६,६५,८२८ (५३.६६ प्रतिशत), पहाडमा १,१७,४८,५४८ (४०.२५ प्रतिशत) र हिमालमा १,७७,८१४ (६.०९ प्रतिशत) रहेको छ ।

क्षेत्रफलका दृष्टिकोणले सबैभन्दा बढी भूगोल कर्णाली प्रदेशले ओगटेको छ, जसको क्षेत्रफल २७,९८४ (१९.०१ प्रतिशत) छ । बागमती प्रदेशको क्षेत्रफल २०,३०० वर्ग किमि (१३.६१ प्रतिशत) छ । मधेश प्रदेशको क्षेत्रफल ९,६६१ वर्ग किमि (६.५७ प्रतिशत) छ । लुम्बिनी प्रदेशको क्षेत्रफल २२,२८८ वर्ग किमि (१५.१४) छ । त्यस्तै गण्डकी प्रदेशको क्षेत्र २१,७३३ वर्ग किमि (१४.६१ प्रतिशत) छ । यसरी माथि उल्लिखित तथ्याङ्कका आधारमा विश्लेषण गर्ने हो भने राज्य पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गर्दा नै असन्तुलित तरिकाले गरिएको थियो । अहिले राज्य वा सरकारले त्यसैका आधारमा बजेट बाँडफाँड गर्ने गर्छ । त्यस वेलाका विभेदकारी राज्य पुनःसंरचना र निर्वाचन क्षेत्र निर्धारणबारे पुनः विचार गरिनुपर्छ ।

### राज्य पुनः संरचना

२०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपालका पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लालाई अझ विकेन्द्रित गरेर तल्लो तहसम्म अधिकार विनियोजन वा हस्तान्तरण गर्नका लागि नेपालको भूगोललाई स्थानीय तह, प्रदेश र संघमा पुनः संरचना गरेर अधिकार सम्पन्न र प्रतिस्पर्धी एवं समन्वयकारी बनाई राज्य शक्तिको बाँडफाँड वा वितरण गर्ने गरियो । राज्य पुनः संरचना आयोगले मुलुकलाई सुरुमा ६, १४ र ११ प्रदेशमा पुनः संरचना गर्ने भनेको भए पनि राज्य पुनः संरचना आयोगको सिफारिसलाई लत्याउँदै ६ प्रदेश बनाउने कुरा भयो । त्यसै वेला कर्णालीको सम्पूर्ण भूभागलाई सुदूर पश्चिमसँग मिसाएर १९ जिल्लाको प्रदेश बनाउने तयारी भएकै अवस्थामा कर्णालीले सुपसँग नमिसिने आन्दोलन गरेपछि सुर्खेतले चारजना गुमायो भने जुम्लाले एक जना गुमायो । त्यसपछि हतारहतार कर्णालीलाई अलग गरेर सुर्खेतदेखि साबिक कर्णालीका पाँच जिल्ला । सेतीका तीन जिल्ला र भेरीका दुई जिल्ला मिलाएर सात प्रदेश गर्ने घोषणा गरियो ।

राज्य पुनः संरचना गर्दा सामर्थ्य, पहिचान, भूगोल र जनसंख्या आदिलाई आधार बनाएर गरिनुपर्नेमा त्यस वेला केवल जनसंख्यालाई मात्र ध्यान दिएर बनाइयो; सामर्थ्य, पहिचान र भूगोललाई बेवास्ता गरियो । अहिले आएर हरेक प्रदेशमा राज्यले समान रूपमा विकास गर्न नसक्नु र बजेट विनियोजनमा पनि सन्तुलन गर्न नसक्दा जनसंख्या दुर्गमबाट सुगमतर्फ सर्ने ( विस्थापित हुने) समस्या बढेको छ । जसले गर्दा कर्णाली र सुप प्रदेश लगायत अन्य पहाडी जिल्ला अन्याय र विभेदमा परेका छन् ।

संविधानको धारा १८, विश्व मानव अधिकार २०४८ को घोषणापत्र धारा १ देखि ३० सम्मको मर्म, अन्तर्राष्ट्रिय कानुन, सन्धि सम्झौता तथा संयुक्त राष्ट्रसंघको बडापत्र लगायत विपरीत राज्य पुनः संरचना र निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । त्यसमा पुनः विचार हुनुपर्छ । मुलुक अहिले पुनः विचार र बहसमा छ । सकारात्मक समीक्षा र बहस गरेर मुलुकको राज्य संयन्त्र र सञ्चालकमा बदलाव ल्याउनुपर्छ । संविधान र त्यस अन्तर्गतका असमानता र विभेदको समाधान गरिनुपर्छ । हिमाल, पहाड एकातिर तराई र उपत्यका अर्कैतिर गरेर संघीयता र त्यस अन्तर्गतको राज्य पुनः संरचना अहिले चल्नेवाला छैन । संविधानमा राज्य पुनः संरचनाका विषयमा २० वर्षसम्म बहस गर्न नपाइने बन्देज लगाइए पनि मुलुकको परिस्थिति अनुसार पुनः विचारको मुद्दामा बहस गर्नैपर्छ । राज्य पुनः संरचनापूर्व मुलुकमा १४ अञ्चल ७५ जिल्ला थिए । त्यसैलाई पूर्णता दिएर अधिकारसम्पन्न गरिँदा पनि संघीयता चल्छ । संघीयतामा हरेक प्रान्त वा प्रदेश सन्तुलित, समन्वयकारी, प्रतिस्पर्धी र सक्षम गराई गरी संघीयतालाई लिनसकेमा राम्रो नै हुन्छ ।रातोपाटी

# प्रधानमन्त्री ओली उच्चस्तरीय बैठकहरुमा व्यस्त




सेभिया ।संयुक्त राष्ट्रसङ्घीय ‘ विकासका लागि वित्त’सम्बन्धी चौथो अन्तरराष्ट्रिय सम्मेलनका क्रममा स्पेनमा रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीले आज विभिन्न उच्चस्तरीय ‘साइड इभेन्ट’मा सम्बोधन गर्नुभएको छ ।

प्रधानमन्त्री ओलीले स्पेन सरकारका अध्यक्ष एवं प्रधानमन्त्री पेड्रो साञ्चेजद्वारा आयोजित विकास सहायतामा नयाँ सोचसम्बन्धी उच्चस्तरीय छलफलमा सहभागी भई उक्त विषयको ‘राउण्ड टेबल’मा आफ्ना विचार प्रस्तुत गर्नुभयो ।

मंगलबारै प्रधानमन्त्री ओलीले अल्पविकसित र साना टापु भएका मुलुकहरुको उच्चस्तरीय बैठकको अध्यक्षता गरी सम्बोधन गर्नुभएको छ भने ‘राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरुको पहलमा खानेपानी र सरसफाइ क्षेत्रमा लगानी’सम्बन्धी उच्चस्तरीय छलफललाई सम्बोधन गर्नुभयो ।

विकास सहायता र विश्व साझेदारीको ऐक्यबद्धतामा नयाँ सोचबारे नेपालको स्पष्ट धारणा व्यक्त गर्दै प्रधानमन्त्री ओलीले विश्वमा कोही पनि पछाडि नपरुन् भन्ने सोचका साथ विकास सहायतालाई ‘च्यारिटी’ का रुपमा मात्र नलिई गरिबीको अन्त्य र नागरिकको क्षमतावृद्धिका लागि उपयोग गर्दै दिगो शान्ति र विकासका लक्ष्य हासिल गर्न साझा पहल हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

“उस्तै किसिमका सानासाना विकास परियोजनाहरू सरकार र गैरसरकारी क्षेत्रबाट समानान्तर रुपमा सञ्चालन गर्ने प्रवृत्ति पनि देखिएको छ । त्यसरी छरिएको सहायताबाट समतामूलक विकासले गति लिँदैन”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “विकास साझेदारहरु निश्चित च्यानलबाट सहायताका लागि अग्रसर हुनुपर्छ । यस कुरालाई सेभिया-प्रतिबद्धताले पनि हामीलाई उत्प्रेरित गरेको छ । हामी सबै त्यस बाटोबाट अघि बढौं ।”

उहाँले सम्पन्न मुलुकले बोलीमा नभई व्यवहारमा आफ्ना सहयताका प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिँदै वास्तवमै जनताको जीवनमा अर्थपूर्ण परिवर्तनका लागि प्रभाव पर्ने क्षेत्रमा सहकार्य हुनुपर्ने बताउनुभयो।अल्पविकसित मुलुकहरुको उच्चस्तरीय बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्री ओलीले विकास साझेदारहरूलाई सेभिया (सेभिल्ला) प्रतिबद्धतालाई पूर्ण र इमानदारीपूर्वक सम्मान गर्न आग्रह गर्नुभयो ।

यसैगरी घरेलु स्रोत परिचालनलाई बलियो बनाउन, निजी लगानीसहित मिश्रित वित्त प्रणालीलाई बढवा दिन, राष्ट्रिय कार्यक्रमहरूमा थप अनुदान र आधिकारिक विकास सहायता (ओडिए) लाई औपचारिक निकायबाट परिचालन गर्न पनि सम्बद्ध पक्षसँग उहाँले अनुरोध गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विज्ञान, प्रविधि र नवप्रवर्तनको शक्तिलाई सदुपयोग गर्दै पूर्वाधार निर्माण, पहुँच विस्तारसहित हाम्रा जनताको जीवनस्तर सुधारका पक्षमा साझा सङ्कल्पसहित समग्र विश्व एकहुनुपर्नेमा जोड दिनुभयो।

सेभिया प्रतिबद्धताले हामी सबैलाई आशा र भरोसासहित निष्पक्ष, समृद्ध तर दिगो भविष्य निर्माण गर्ने मौका दिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री ओलीले सही वित्तीय विश्लेषणका आधारमा लगानी बढाउँदै गरिबीसँग लड्न, कार्यक्षमता अभिवृद्धि गर्न र दिगो अवसर सिर्जना गर्न एक भई अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।रासस

# स्वास्थ्य सेवाका लागि आवश्यक बजेट विनियोजन भएको छ : मन्त्री पाण्डे



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीकातर्फबाट संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले स्वास्थ्य सेवामा सर्वव्यापी पहूँच पुऱ्याउने लक्ष्य, स्वीकृत आवधिक योजना र प्रगतिलाई कायम गर्न प्रभावकारी कार्यक्रमको निरन्तरता र नविनतम कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको बताउनुभएको छ ।

राष्ट्रियसभामा विनियोजन विधेयक २०८२ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमाथि उठेका प्रश्नको जवाफ दिँदै उहाँले स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रमा नेपाल सरकारले पक्ष राष्ट्र भई जनाएका दिगो विकास लक्ष्य आदि अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्न आवश्यक बजेट विनियोजन गरिएको स्पष्ट पार्नुभयो । मन्त्री पाण्डेले भन्नुभयो, “संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। जस अनुरूप स्वास्थ्य सेवाका सबै अङ्क (स्वास्थ्य प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनःस्थापनात्मक) विशिष्टकृत विधा र उपचार पद्धतिको समूचित विकास तथा विस्तारद्वारा स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न गराउने गरी आगामी आवका लागि आवश्यक विनियोजन गरिएको छ ।”

सरकारले आगामी आर्थिक वर्षका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका लागि जम्मा रु ९५ अर्ब ८१ करोड विनियोजन गरिएकोमा सङ्घ सरकारमा ५५ अर्ब ३९ करोड, प्रदेश सरकार ६ अर्ब ५३ करोड र स्थानीय तह ३४ अर्ब ३२ करोड विनियोजन भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीकोतर्फबाट उहाँले जानकारी दिनुभयो । सघन जलनको उपचार, मुटु, मिर्गौला प्रत्यारोपण, क्यान्सरलगायत विशिष्टकृत सेवाहरू सातै प्रदेशका एक एक सङ्घीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हुनेगरी व्यवस्था गरिएकोसमेत उहाँले बताउनुभयो । मन्त्री पाण्डेले भन्नुभयो, “जटिल रोगको उपचार र सरकारी अस्पतालमा विशेषज्ञ सेवा विस्तारका साथै सेवा क्षमता अभिवृद्धिका लागि विशेष योजना लागू गरिएको कुरा जानकारी गराउन चाहान्छु ।”

> “जटिल रोगको उपचार र सरकारी अस्पतालमा विशेषज्ञ सेवा विस्तारका साथै सेवा क्षमता अभिवृद्धिका लागि विशेष योजना लागू गरिएको कुरा जानकारी गराउन चाहान्छु ।”

उहाँले ठूला सङ्घीय अस्पतालको क्षमता विस्तार गरी स्वास्थ्य सेवा प्रवाहलाई थप विस्तार गर्न अस्पताल पूर्वाधार निर्माण र औँजार उपकरणका लागि बजेट विनियोजन गरिएको जानकारी दिनुभयो । मन्त्री पाण्डेले भन्नुभयो, “आधारभूत स्वास्थ्य सेवालाई तीनै तहका सरकार मिलेर थप व्यवस्थित र प्रभावकारी बनाउन सहकार्यगत प्रणाली विकास गरिनेछ, साथै विशिष्टकृत सेवालाई देशका सबै भूगोल र क्षेत्रका नागरिकको सहज पहुँचमा पुऱ्याउन क्रमशः सेवा विस्तार गरिनेछ ।”

डेङ्गुरोग नियन्त्रणका लागि राष्ट्रिय एकीकृत कार्ययोजना तयार भई लागू भएको जनाउँदै उहाँले औलो प्रभावित स्थानका लागि लक्षित वर्गका लागि झुल वितरण र घरभित्रै विषादी छिड्काउनेसम्बन्धी निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याएको जानकारी गराउनुभयो । मन्त्री पाण्डेले भन्नुभयो, “एकीकृत निगरानी प्रणालीको प्रयोग गर्न डेङ्गु रोगको रोकथामका लागि भ्ध्ब्च्व/क्इचःब्क मार्फत निगरानी भइरहेको, सङ्घीय, प्रादेशिक, जिल्ला, तथा स्थानीयस्तरमा द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखिएको, साउन महिनालाई डेङ्गी सचेतना महिना मनाई विभिन्न सचेतना तथा प्रतिकार्य गतिविधि सञ्चालन भइरहेका छन् ।” उहाँले त्रिवी शिक्षण अस्पताल र वीर अस्पताललगायतका सबै सरकारी अस्पतालको सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गराउन पेजिङ, अस्पताल नेभिगेशन चार्ट, शल्यक्रियाको पालोको समय घटाउने, अनलाइन टिकट तथा भुक्तानी, एक्से रे फिल्मको व्यवस्था र दुई सिफ्टमा स्वास्थ्य सेवा र अस्पतालमा बिमा सेवाको कडाइका साथ पालना गराइएको पनि जानकारी दिनुभयो ।रासस

## युवालाई उद्यमी बनाउन ‘स्टार्टअप’ कार्यक्रम लागू गरिने

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले युवालाई उद्यमी बनाउन ‘स्टार्टअप’ कार्यक्रम लागू गरिने बताउनुभएको छ ।

राष्ट्रियसभाको मंगलबारको बैठकमा विनियोजन विधेयक, २०८२ अन्तर्गत विभिन्न शीर्षकमध्ये उद्योग मन्त्रालयका विषयमा सांसदहरुले उठाएका सवालको जवाफ दिनुहुँदै उहाँले यो कार्यक्रमले कामका लागि विदेशिने युवाको सङ्ख्यामा कमी आउने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्रालयले औद्योगिक पूर्वाधार निर्माण गर्न प्राथमिकता दिइएको, औद्योगिक क्षेत्रको प्रवर्द्धन, मन्त्रालयको सेवा अनलाइन प्रणालीबाट अघि बढाइने, कम्पनी रजिष्ट्रार कार्यालयको सेवा गत वर्षको फागुनदेखि नै अनलाइनबाट दिन थालिएको पनि मन्त्री भण्डारीले जानकारी गराउनुभयो ।

यसका साथै खानी तथा भूगर्भ विभागबाट खानी तथा उत्खनन अन्वेषण गरिने, प्रक्रिया पुऱ्याएर निजी क्षेत्रलाई खानी उत्खननमा लगाउन, धौवादी फलाम खानीका लागि पहुँच सडक निर्माणकार्य गरी अघि बढाउन, स्टार्टअप कर्जा कार्यक्रम विस्तार गर्न र औद्योगिक विकासग्राम सम्बन्धित स्थानीय तहले नै निर्माण गर्ने गरी कार्यक्रम ल्याइएको उहाँले सुनाउनुभयो ।

सरकारले छुट्टै उद्योग स्थापना गर्ने योजना रहेको उल्लेख गर्दै मन्त्री भण्डारीले कृषिऔजार उत्पादनका लागि कारखाना स्थापना गर्ने कामलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।रासस

## निजामती विधेयकका प्रावधान परिवर्तन गर्ने दोषीलाई कारबाही गर्नुपर्ने माग

काठमाण्डु । नेपाली कांग्रेसका वरिष्ठ नेता डा शेखर कोइरालाले प्रतिनिधिसभाबाट पास गरिएको निजामती कर्मचारी सेवा विधेयकमा केही प्रावधान परिवर्तन गर्ने दोषीलाई कारबाही गर्नुपर्ने माग गर्नुभएको छ ।

लेखक तथा साहित्यकार मधुसूदन पाण्डेयद्वारा लिखित, अनुदित, सम्पादित तथा सहलिखित ‘शतक पुस्तक’ को यहाँ मंगलबार लोकार्पण गर्दै निजामती विधेयकमा सरकारी सेवाबाट राजीनामा वा अवकाश भएको मितिले दुई वर्षसम्म कुनै पनि सरकारी नियुक्ति लिन नपाउने व्यवस्थामा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति सचिवालयका कर्मचारी वा सांसदले विधेयकमाथि आफू खुसी प्रावधान राखेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “राज्य व्यवस्था समितिबाट निजामती विधेयक सर्वसम्मतिले पारित हुन्छ, अनि संसद्मा आइसकेपछि हेरफेर हुन्छ, यो सरासर आपराधिक काम हो, यसमा को दोषी हो भन्न सक्दिन, तर जो दोषी हो, उसले कुनै पनि हालतमा क्षमा पाउनुहुँदैन, यी र यस्तै क्रियाकलाप हुँदै जाने हो भने देश कता जान्छ ?” राज्य व्यवस्था समितिले ‘निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन’ भन्ने व्यवस्था गरेको थियो ।

तर त्यसलाई खण्डित गर्ने गरी दफा ८२, (५), (क) मा ‘संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेकको पदमा’ मात्र नियुक्ति लिन नपाइने भन्ने व्यवस्था गरी ‘कुलिङ अफ पिरियड’ को व्यवस्थालाई थप परिभाषित गरिएको छ।

नेपाल र विश्वको वर्तमान परिस्थितिमा विशेश्वरप्रसाद कोइरालाको प्रजातान्त्रिक समाजवादको अझै बढी सान्दर्भिक भएको उल्लेख गर्दै उहाँले देशको राजनीतिक, सांस्कृतिक, धार्मिक र सामाजिक अवस्थालाई नेपाली साहित्यको माध्यमबाट चित्रण गर्न साहित्यकारसँग आग्रह गर्नुभयो । कार्यक्रममा लेखक पाण्डेयद्वारा लिखित १०४ वटा (मौलिक, अनुदित तथा सम्पादित) पुस्तकको लोकार्पण गरिएको थियो ।रासस

# प्रादेशिक तथा क्षेत्रीय सन्तुलन मिलाएर बजेट तर्जुमा गरिएको छ : मन्त्री सुडी



काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले जनताको प्रत्यक्ष दैनिकीसँग जोडिएको खानेपानी तथा सरसफाइजस्ता सेवा सबै नागरिकमा समन्यायिक तरिकाले पुऱ्याउन प्रादेशिक तथा क्षेत्रीय सन्तुलन मिलाएर बजेट तर्जुमा गरिएको बताउनुभएको छ ।

मंगलबार खानेपानी मन्त्रालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा विनियोजित बजेटका सम्बन्धमा राष्ट्रियसभाामा सांसदहरूले राख्नु भएका चासो, जिज्ञासा र दिनुभएको सुझावको सम्बोधन गर्ने क्रममा उहाँले सो कुरा बताउनुभएको हो।

परिवर्तित जीवन शैलीका कारणले बढ्दो खानेपानीको मागको चुनौतीलाई व्यवस्थापन गर्दै सुरक्षित खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउनु अपरिहार्य रहेको उल्लेख गर्दै उहाँले सबैका सल्लाह सुझावलाई समेटेर आगामी दिनहरूमा मन्त्रालयले नीतिगत सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।मन्त्री सुडीले मुलुकको कूल जनसङ्ख्याको करिब ६६ प्रतिशत सहरी जनसङ्ख्या र बाँकी सहरोन्मुख क्षेत्र रहेको हुँदा परिवर्तित जीवन शैलीका कारणले बढ्दो खानेपानीको मागको चुनौतीलाई व्यवस्थापन गर्दै सुरक्षित खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउनु अपरिहार्य रहेको बताउनुभयो।

यसैगरी उहाँले आगामी आवको लागि खानेपनी मन्त्रालयतर्फ जम्मा रु ३३ अर्ब ८९ करोड बजेट विनियोजन भएको तथा जसमा नेपाल सरकारको स्रोततर्फ रु २४ अर्ब ६४ करोड, वैदेशिक ऋणतर्फ रु सात अर्ब ७५ करोड र वैदेशिक अनुदानतर्फ रु एक अर्ब ५० करोड रहेको जानकारी दिनुभयो ।

कूल बजेटमध्ये विनियोजनतर्फ जम्मा रु २० अर्ब ७२ करोड, वित्तीय व्यवस्थातर्फ रु आठ अर्ब ९४ करोड र प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने सङ्घीय सशर्तका कार्यक्रम/आयोजनाको लागि रु चार अर्ब २२ करोड बजेट रहेको उहाँको भनाइ छ ।

मन्त्री सुडीले तीनै तहको सरकारका वार्षिक कार्यक्रममा खानेपानीसँग मात्र सम्बन्धित भई सरसफाइको क्षेत्र भने प्राथमिकतामा पर्न नसकिरहेको तथा सङ्घीय सरकारबाट केही ढल प्रशोधनका आयोजनाहरू सञ्चालनमा रहे तापनि पर्याप्त नरहेको बताउनुभयो ।रासस

## मालपोत कार्यालय, जनकपुरधाम, धनुषाबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा चोराकोयलपुर गा.वि.स. वडा नं.२ हाल परिवर्तित शहिदनगर न.पा.वडा नं.२ मा वस्ने सिंहेश्वर चोरवारको नाती शिवनाथ चोरवार यादवको छोरा राज कुमार चोरवार यादवले बुबा शिवनाथ चोरवार यादवको नाममा साविक लगत कायम रहेको जग्गा सर्वे नापी हुँदा निजकै नाउँमा जि.ध. गा.वि.स. बालावाखर वडा नं.२ कि.नं.२०२ क्षेत्रफल ०-६-१५ र ऐ.वडा नं.१ड कि.नं.२१ क्षेत्रफल ०-६-१८ जग्गा कायम भई नापनक्सा भएकोमा निज नापीको बखत अनुपस्थित भएको कारण दर्ता गर्न छुट भएको जग्गा निजको मिति २०४२/१०/०७ मृत्यु भई हकखाने पत्नी मेरो आमा सिया देवी चोरवारको मिति २०५५/०४/२८ गतेमा मृत्यु भई निजहरुको हकभोग खाने एकमात्र छोरा म निवेदक राज कुमार चोरवार यादव भएकोले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं. २५७०८ मिति २०८२/०२/११ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/०६ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | बडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | बालावाखर | १ङ | २१ | ०-६-१८ | ज.ध. महलमा पेन्सिलले शिवनाथ चोरवार उल्लेख । कैफियत महलमा यो शिवनाच चोरवारको हो । |
| धनुषा | बालावाखर | २ | २०२ | ०-६-१५ | ज.ध. महलमा पेन्सिलले शिवनाथ चोरवार उल्लेख । |

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवासका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८२/०३/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०४/२९ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति **२०८१/१२/२६ गते मंगलबारको** जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०३/२५ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ ( सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ वमोजिम मिति २०७५/१२/२९ गते दर्ता नं. २१३०४७/०७५/०७६ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय जनकपुर, बर्दिबासबाट मिति २०७५/१२/२९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९५१४३३३ को प्रमाणपत्र प्राप्त **रचना कृषी फर्म प्रा.लि.** । ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८ ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : राज नारायण महतो**<br>(ना.प्र.न. १८३०६३/ ६२१, जारी मिति २०६३/१०/१९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी).<br>**ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८<br>(साबिक बिजलपुरा गा.वि.स. वडा नं. ६) ।<br>बाबु : राम औतार महतो । बाजे : प्रभु महतो । | **संचालक तथा जमानतकर्ता : राजकुमार सुसलिङ्ग**<br>(ना.प्र.नं. ०४९८२५९८ जारी मिति २०५१/०९/१८ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८<br>(साबिक हातीलेट गा.वि.स. वडा नं. १) ।<br>बाबु : राम ब. सुसलिङ्ग । बाजे : रत्न बहादुर सुसलिङ्ग |
| **जमानतकर्ता : रंजना कुमारी**<br>(ना.प्र.न. १८२०६८/६७७ जारी मिति २०६९/०३/१२ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>स्थाई ठेगाना : महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. १०<br>(साबिक लक्ष्मीनियाँ गा.वि.स.वडा नं. १) ।<br>हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८ ।<br>बाबु : श्याम सुन्दर महतो<br>पति : राज नारायण महतो । ससुरा : राम औतार महतो । | **जमानतकर्ता : मन माया राना**<br>(ना.प्र.न. ९९ जारी मिति २०५५/०४/०६ जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट )।<br>स्थाई ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. १<br>(साबिक रौतहट जिल्ला पौराई गा.वि.स. वडा नं. २ )<br>हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ८ ।<br>बाबु : चन्द्र बहादुर राना ।<br>पति : राजकुमार सुसलिङ्ग । ससुरा : राम ब. सुसलिङ्ग |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. रंजना कुमारीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुर गञ्ज गा.वि.स. वडा नं. २ नक्सा सिट नं २ख स्थित कित्ता नं. ४९२ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................................................१
२. राजकुमार सुसलिङ्गको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला १५ नं. बहादुर गञ्ज वडा नं. १क स्थित कित्ता नं. ५३६ को क्षेत्रफल ०-३-१५-० (बिघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१
३. ऋणी रचना कृषी फर्म प्रा.लि.को को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ......................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **शाखा कार्यालय, बर्दिवास, महोत्तरी र बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र अन्य शाखा कार्यालयहरु**समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# एक करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुनसक्छ : अध्ययन



एएफपी

पेरिस । ट्रम्प प्रशासनले अमेरिकी विदेशी सहायता समाप्त गरेका कारण सन् २०३० सम्ममा विश्वका सबैभन्दा कमजोर एक करोड ४० लाखभन्दा बढी मानिसको मृत्यु हुनसक्छ। तीमध्ये एक तिहाइ साना बालबालिकाको मृत्यु हुनसक्ने एक अनुसन्धानले मङ्गलबार प्रक्षेपण गरेको छ।

प्रतिष्ठित ल्यान्सेट जर्नलमा गरिएको यो अध्ययन यस हप्ता स्पेनमा संयुक्त राष्ट्रसङ्घको सम्मेलनका लागि विश्व र व्यापारिक नेताहरू भेला हुँदा सङ्कटमा रहेका सहायता क्षेत्रलाई बलियो बनाउने आशामा प्रकाशित भएको थियो ।अमेरिकी एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआइडी-युएएड)लेजनवरीमा डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कनु अघिसम्म विश्वव्यापी मानवीय कोषको ४० प्रतिशतभन्दा बढी सहयोग गर्दै आएको थियो।

दुई हप्तापछि ट्रम्पका तत्कालीन निकट सल्लाहकार र संसारका धनी व्यक्ति एलन मस्कले एजेन्सीलाई 'काठ काट्ने मेसिनमा हालेको' भनेर घमण्ड गर्नुभएको थियो ।बार्सिलोना इन्स्टिच्युट फर ग्लोबल हेल्थ (आइएसग्लोबल) काअनुसन्धानकर्ताएवंअध्ययनका सह-लेखक डेभिडे रसेलाले कोष कटौतीले 'जोखिममा रहेका जनसङ्ख्याहरूको स्वास्थ्यमा दुई दशकको प्रगतिलाई अचानक रोक्ने र उल्ट्याउने जोखिम छ' भनी चेतावनी दिनुभयो।

"धेरै निम्न र मध्यम आयका देशहरूका लागि यसको परिणामले हुने आघात विश्वव्यापी महामारी वा ठूलो सशस्त्र द्वन्द्वको मापदण्डसँग तुलना गर्न सकिन्छ", उहाँले एक विज्ञप्तिमा भन्नुभयो ।एक सय ३३ राष्ट्रको तथ्याङ्कलाई फर्केर हेर्दा अनुसन्धानकर्ताहरूको अन्तर्राष्ट्रिय टोलीले युएसएड कोषले सन् २००१ देखि २०२१ सम्म विकासशील देशहरूमा नौ करोड १८ लाखको मृत्यु रोकेको अनुमान गरेको छ ।यो इतिहासको सबैभन्दा घातक द्वन्द्व दोस्रो विश्वयुद्धमा मर्ने अनुमानित सङ्ख्याभन्दा बढी हो।

**एचआइभी, मलेरिया बढ्ने**

शोधकर्ताहरूले यस वर्षको सुरुमा अमेरिकी सरकारले घोषणा गरेको तथ्याङ्कले मृत्युदरलाई कसरी असर गर्नसक्छ भनेर ८३ प्रतिशतले कोष कटौती गर्ने भनेर प्रक्षेपण गर्न मोडलिङ पनि प्रयोग गरे।

कटौतीले सन् २०३० सम्ममा एक करोड ४० लाखभन्दा बढीको मृत्यु हुनसक्ने अनुमान गरिएको छ ।उक्त सङ्ख्यामा पाँच वर्षमुनिका ४५ लाखभन्दा बढी बालबालिका थिए अर्थात एक वर्षमा करिब सात बालबालिकाको मृत्यु ।तुलनाका लागि भन्नुपर्दा करिब एक करोड सैनिक प्रथम विश्वयुद्धको समयमा मारिएको अनुमान गरिएको छ ।युएसएडद्वारा समर्थित कार्यक्रमहरू सबै कारणबाट हुने मृत्युको १५ प्रतिशत कमीसँग जोडिएको शोधकर्ताहरूले निर्धारण गरेका छन्।

पाँच वर्षमुनिका बालबालिकाका लागि मृत्युको गिरावट दुई गुणा तीव्र अर्थात ३२ प्रतिशत थियो। रोगबाट हुने रोकथाम योग्य मृत्युलाई रोक्न युएसएड कोष विशेष गरी प्रभावकारी भएको पाइएको थियो ।युएसएडको उच्च स्तरको सहायता पाउने देशहरूमा कम वा कुनै सहायता नपाउने देशहरूको तुलनामा एचआइभी/एड्सबाट हुने मृत्यु ६५ प्रतिशत कम थियो भनेर अध्ययनले पत्ता लगाएको छ ।मलेरिया र उपेक्षित उष्णकटिबन्धीय रोगहरूबाट हुने मृत्युहरू पनि समान रूपमा आधामा कटौती भएको थियो।

मोजाम्बिकको म्यानहिका हेल्थ रिसर्च सेन्टरका अध्ययनका सह-लेखक फ्रान्सिस्को साउटले युएसएडले एचआइभी, मलेरिया र क्षयरोग जस्ता रोगहरूसँग लड्न कसरी मद्दत गर्‍यो भनेर जमिनमा देखेको बताउनुभयो। "अहिले यो सहायता कटौतीले जीवनलाई मात्र जोखिममा राख्दैन - यसले निर्माण गर्न दशकौं लागेको महत्त्वपूर्ण पूर्वाधारलाई पनि कमजोर बनाउँछ", उहाँले जोड दिनुभयो।

बोस्टन विश्वविद्यालयका रोग मोडलर ब्रुक निकोल्सले सञ्चालन गरेको भर्खरै अपडेट गरिएको ट्र्याकरले अमेरिकी सहायता कटौतीको परिणामस्वरूप पहिले नै लगभग एक लाख आठ हजार वयस्क र दुई लाख २४ हजारभन्दा बढी बालबालिकाको मृत्यु भएको अनुमान गरेको छ ।ट्र्याकरका अनुसार यसले प्रत्येक घण्टामा ८८ जनाको मृत्यु हुने गर्छ।

**बढाउने समय**

युएसएड बन्द भएपछि फ्रान्स, जर्मनी र बेलायत लगायत अन्य धेरै प्रमुख दाताले आफ्नो विदेशी सहायता बजेट घटाउने योजना घोषणा गर्दै त्यसको पछि लागे ।"यी सहायता कटौतीले विशेष गरी युरोपेली सङ्घ (इयु) मा आगामी वर्षहरूमा अझ बढी मृत्युहरू निम्त्याउन सक्छ", आइएसग्लोबलको अध्ययन सह-लेखक क्याटरिना मोन्टीले भन्नुभयो।

तर डरलाग्दो प्रक्षेपणहरू हालको प्रतिज्ञा गरिएको सहायताको मात्रामा आधारित छन् भन्दै त्यसैले स्थिति परिवर्तन भएमा तुरुन्तै घट्नसक्ने अनुसन्धानकर्ताहरूले जोड दिए ।एक दशकमा सबैभन्दा ठूलो सहायता सम्मेलनका लागि यस हप्ता स्पेनी सहर सेभिलमा दर्जनौं विश्व नेताहरू भेला भइरहेका छन् ।तर, संयुक्त राज्य अमेरिका भने उपस्थित हुनेछैन। "अहिले कम गर्ने होइन, बढाउने समय हो", रसेलाले भन्नुभयो।

आफ्नो सहायता कटौती हुनुअघि युएसएडले सम्पूर्ण अमेरिकी सङ्घीय खर्चको शून्य दशमलव तीन प्रतिशत प्रतिनिधित्व गर्थ्यो ।"अमेरिकी नागरिकहरूले युएसएडमा प्रतिदिन लगभग १७ सेन्ट अर्थात प्रतिवर्ष करिब ६४ डलर योगदान गर्छन्", लस एन्जलसको क्यालिफोर्निया विश्वविद्यालयका अध्ययनका सह-लेखक जेम्स म्याकिन्कोले भन्नुभयो, "मलाई लाग्छ कि लाखौंको ज्यान बचाउन यति सानो योगदान कति प्रभावकारी हुनसक्छ भन्ने थाहा भएमा अधिकांश अमेरिकीले युएसएडको निरन्तर कोषलाई समर्थन गर्नेछन्।"

## एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेटः
# नेपालले भुटानलाई सहजै हरायो



काठमाण्डु । एसिसी पुरुष यु-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगितामा समूह चरणको अन्तिम खेलमा नेपालले भुटानलाई सहजै पराजित गरेको छ । मंगलबार सम्पन्न खेलमा नेपालले भुटानलाई दुई सय ९८ रनको फराकिलो अन्तरले हराएको हो।

मलेसियाको सेलाङ्गोर टर्फ क्लबको मैदानमा नेपालले टस जितेर पहिला ब्याटिङ गरेको थियो। नेपालले निर्धारित ५० ओभरको खेलमा रौनक श्रीवास्तवको शतकीय पारीको मद्दतमा पाँच विकेटको क्षतिमा तीन सय ५८ रन बनायो । श्रीवास्तवले एक सय ६८ रनको योगदान दिए। उनले एक सय ३२ बल खेल्ने क्रममा पाँच छक्का र १६ चौका हाने। यस्तै जोय थापाले अविजित ६१, शिवान्स बजगाईंले ५४ तथा सुगम बुढाथोकीले ३५ रन बनाए।

बलिङतर्फ भुटानका सञ्जय दोर्जेले तीन तथा तेन्जिन लोडेले एक विकेट लिए ।तीन सय ५९ रनको विशाल लक्ष्य पछ्याएको भुटानले ३२ दशमलव ४ ओभरमा ९ विकेट गुमाउँदै मात्र ६० रन बनायो । भुटानका लागि सुजन दावाले १४ तथा उयोग छोफेलले १० रन बनाए। भुटानका अन्तिम ब्याटर क्रिजमा आएनन्।

बलिङतर्फ नेपालका लागि कप्तान विपिनप्रसाद शर्माले १० ओभरमा ७ रन खर्चिएर ४ विकेट लिए।

यस्तै सचिन भट्ट र सुयोग भट्टराईले दुई दुई विकेट लिए । नेपाल समूह चरणका चारवटै खेलमा विजेता बनेर समूह 'ए'को शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा प्रवेश गरेको छ। उक्त समूहबाट दोस्रो स्थानमा रहँदै सिङ्गापुर पनि सेमिफाइनलमा पुगेको छ। यस्तै समूह 'बी'बाट हङकङ शीर्ष स्थानमा रहँदै तथा मलेसिया दोस्रो स्थानमा रहेर सेमिफाइनलमा प्रवेश गरेका छन्।

नेपालले अब बिहीबार सेमिफाइनमा मलेसियासँग खेल्ने छ। नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन हो।

नेपालले सन् २०२३ मा भएको प्रतियोगितामा फाइनलमा मलेसियालाई हराउँदै उपाधि जितेको थियो। एसियाली क्रिकेट परिषद् (एसिसी) को आयोजनामा जारी प्रतियोगितामा नेपालसहित १० राष्ट्र सहभागी थिए। समूह 'ए' मा नेपालसहित सिङ्गापुर, इन्डोनेसिया, भुटान र जापान तथा समूह 'बी' मा आयोजक मलेसियासहित हङकङ, माल्दिभ्स, थाइल्याण्ड र म्यानमार रहेका थिए।

# थाइल्यान्डका प्रधानमन्त्री निलम्बित



एएफपी

बैङ्कक । थाइल्यान्डका प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई संवैधानिक अदालतले मङ्गलबार निलम्बन गरेको छ । अदालतले कम्बोडियासँगको कूटनीतिक विवादमा उहाँको आचरणको बारेमा छानबिन सुरु गर्दै निलम्बन गरेको हो।

मुलुकको राजनीति वर्षौंदेखि रूढीवादी, सैन्य समर्थक, शाही समर्थक अभिजात वर्ग र सिनावात्रा परिवारबीचको सङ्घर्षले हावी भएको छ । सिनावात्रा परिवारलाई रूढीवादी, सैन्य समर्थक र शाही समर्थक अभिजात वर्गले थाइल्यान्डको परम्परागत सामाजिक व्यवस्थाका लागि खतरा मान्छन्।

अड्तीस वर्षीया पेटोङटार्नलाई उहाँका बुबा एवं पूर्व प्रधानमन्त्री थाक्सिन सिनावात्राले शाही मानहानिको आरोपमा फौजदारी अदालतको सामना गर्नुपरेको दिन नै झट्का लागेको छ ।पेटोङटार्नले एक वर्षभन्दा कम समयअघि सत्ता सम्हाल्नुभएको थियो, तर संवैधानिक अदालतले सीमा विवादका क्रममा उहाँले मन्त्रिपरिषद्को नैतिकता उल्लङ्घन गर्नुभयो कि भएन भनेर विचार गरिरहेकाले उहाँलाई निलम्बन गरिएको छ।

कम्बोडियासँग लामो समयदेखि चलिरहेको क्षेत्रीय विवाद मे महिनामा सीमापार झडपमा परिणत हुँदा एक कम्बोडियाली सैनिकको मृत्यु भएको थियो ।लिक भएको रेकर्डिङ अनुसार जब पेटोङटार्नले कम्बोडियाका पूर्व नेता हुन सेनलाई तनावबारे छलफल गर्न फोन गर्नुभयो, उहाँले हुन सेनलाई 'काका' भन्नुभयो र एक थाई सैन्य कमान्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भनेर उल्लेख गर्नुभयो । उक्त फोनवार्ताले व्यापक आक्रोश निम्त्यायो।

रूढीवादी सांसदहरूले उहाँलाई कम्बोडियासामु झुकेको र सेनालाई कमजोर बनाएको आरोप लगाए र मन्त्रीहरूमा 'स्पष्ट इमानदारी' र 'नैतिक मापदण्डहरू' आवश्यक पर्ने संवैधानिक प्रावधानहरू उल्लङ्घन गरेको आरोप लगाए ।"संवैधानिक अदालतले ७-२ को बहुमतले प्रतिवादीलाई जुलाई १ देखि संवैधानिक अदालतले आफ्नो निर्णय नगरेसम्म प्रधानमन्त्रीको दायित्वबाट निलम्बन गर्छ", एक विज्ञप्तिमा भनिएको छ।

**गम्भीर कमजोरी**

पेटोङटार्नको फेउ थाई पार्टी पहिले नै यो काण्डमा परेका कारण एक प्रमुख रूढीवादी गठबन्धन साझेदारले त्यागेको छ र हजारौंले सप्ताहन्तमा बैङ्ककमा उहाँको नेतृत्व विरुद्धमा विरोध प्रदर्शन गरेका छन्।

उहाँका सहयोगीहरूले राजीनामा गरेपछि थाइल्यान्डका राजाले मङ्गलबार पेटोङटार्नको मन्त्रिमण्डल फेरबदललाई अनुमोदन गर्नुभयो। उहाँले आफूलाई संस्कृति मन्त्रीको पद तोक्नुभएको छ र बिहीबार यो पद ग्रहण गर्नुहुनेछ, तर संवैधानिक अदालतले अनुसन्धान गरिरहेको बेला उहाँले त्यो भूमिका लिन सक्नुहुन्छ कि हुन्न भन्ने अस्पष्ट छ।

अलग रूपमा मङ्गलबार, उहाँका बुबा थाक्सिन थाइल्यान्डका राजालाई आलोचनाबाट जोगाउन प्रयोग गरिने कडा राजद्रोह कानूनको उल्लङ्घनको आरोपमा बैङ्ककको एक फौजदारी अदालतमा उपस्थित हुनुभयो। सन् २०१५ मा थाक्सिनले दक्षिण कोरियाली मिडियालाई दिएको अन्तर्वार्ताबाट यी आरोपहरू उत्पन्न भएका हुन् र दोषी ठहरिएमा उहाँलाई १५ वर्षसम्म जेल हुनसक्छ । मुद्दा हप्तौंसम्म चल्नेछ, त्यसपछि कम्तीमा एक महिनासम्म फैसला आउने अपेक्षा गरिएको छैन।

अदालतका एक अधिकारीले मङ्गलबार बिहान थाक्सिनको उपस्थितिमा मुद्दा सुरु भएको पुष्टि गरे तर मिडियालाई भित्र छिर्न अनुमति नदिने बताए।

# गाजामा शत्रुताबीच नयाँ विस्थापन आदेशबाट संयुक्त राष्ट्रसङ्घका प्रमुख चिन्तित




सिन्हवा

संयुक्त राष्ट्रसङ्घ । उत्तरी गाजा पट्टीका लागि जारी इजरायली नयाँ निकासी आदेशको निन्दा गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पछिल्लो इजरायली आक्रमणबाट ज्यान गुमाएकोप्रति चिन्ता व्यक्त गर्नुभएको छ।

"नागरिकहरूलाई सम्मान र संरक्षण गरिनुपर्छ", गुटेरेसका प्रमुख प्रवक्ता स्टेफन डुजारिकले भन्नुभयो ।सबै बन्धकहरूको तत्काल, बिना शर्त रिहाइको आह्वान गर्दै डुजारिकले भन्नुभयो, "महासचिवले मध्यस्थकर्ताहरूको निरन्तर प्रयासलाई पनि स्वागत गर्दै गाजामा स्थायी युद्धविराममा पुग्न आफ्नो अपिल दोहोर्‍याउनुभएको छ ।"प्यालेस्टिनी चिकित्सा र सुरक्षा स्रोतहरूले सोमबार गाजा सहरको समुद्र तटमा रहेको क्याफेमा इजरायली हवाई आक्रमण हुँदा कम्तीमा २१ जनाको मृत्यु भएको र दर्जनौं घाइते भएको बताएका छन्।

आक्रमणपछि अस्पतालमा ल्याइएका अधिकांश पीडित महिला र बालबालिका रहेको अल-सिफाले एक संक्षिप्त विज्ञप्तिमा जनाएको छ ।मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घको कार्यालय (ओसिएचए) ले गाजाको अधिकांश भाग विस्थापनको आदेशमा रहेको बताएको छ। कब्जा गर्ने शक्तिका रूपमा इजरायलले नागरिकहरू जहाँ भए पनि र जहाँ गए पनि उनीहरूको सुरक्षा सुनिश्चित गर्नुपर्ने ओसिएचएले बताएको छ।

"मानिसहरूलाई भीडभाड भएको क्षेत्रमा धकेलिएको छ, जहाँ हजारौं अन्य पहिले नै बसिरहेका छन्", ओसिएचएले आइतबारको विस्थापन आदेशबारे भनेको छ, "यी ठाउँमा आश्रय, पानी र ढल प्रणाली र चिकित्सा सुविधाहरूको अभाव छ ।"कार्यालयका अनुसार सप्ताहन्तमा चलिरहेको इजरायली सैन्य कारबाहीको बीचमा खानाको पर्खाइमा समेत धेरै मानिस मारिए र घाइते भएका छन्।

मध्य गाजाका लागि सप्ताहन्तमा पहिलेको विस्थापन आदेशपछि इजरायलीहरूले जबल्या र गाजा सहरका क्षेत्रका गाजाबासीहरूलाई अल मवासी जान निर्देशन दिएको मानवतावादीहरूले बताएका छन् । आइतबारको आदेशबाट मात्रै विस्थापित हुने क्षेत्रमा दर्जनौं अस्थायी विस्थापन स्थलहरूमा बसोबास गर्ने परिवारहरूसहित लगभग एक लाख ५० हजार मानिस थिए । ओसिएचएले गाजाभरि आपूर्ति ल्याउन र मानवीय कार्यहरू गर्नमा भारी अवरोधहरूबीच मानिसहरू भोकै रहेको बताएको छ।

विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) का अनुसार पाँचमध्ये एक जना मानिसले विनाशकारी भोकमरीको सामना गरिरहेको र ९० हजारभन्दा बढी महिला र बालबालिकालाई कुपोषणका लागि तत्काल उपचार आवश्यक छ।डब्लुएफपीले यस क्षेत्रमा एक लाख ३० हजार मेट्रिक टन खाना राखिएको र पहुँच प्रदान गरिएमा गाजामा मानिसहरूलाई सेवा दिन तयार रहेका बताएको छ।

संयुक्त राष्ट्रसङ्घका मानवतावादीहरू र उनीहरूका साझेदारहरूले इजरायली अधिकारीहरूलाई तत्काल इन्धनलाई गाजामा प्रवेश गर्न अनुमति दिन आह्वान गरेका छन्।"यो अस्पताल, पानी र सरसफाइ उपकरण, दूरसञ्चार, सीमाबाट कार्गो सार्ने र सामुदायिक भान्सा सञ्चालन गर्ने जस्ता जीवन बचाउने कार्यका लागि अत्यन्त आवश्यक छ", ओसिएचएले भनेको छ, "यदि इन्धनमा प्रतिबन्ध जारी रह्यो भने, यी महत्त्वपूर्ण सेवाहरूमध्ये धेरै चाँडै र केही क्षेत्रहरूमा चाँडै बन्द हुनेछन्।"

कार्यालयका अनुसार इजरायली अधिकारीहरूले धेरै मानवीय आन्दोलनलाई अस्वीकार गर्न जारी राखेका छन् ।ओसिएचएले ठोस फोहोर र भग्नावशेष हटाउने र बिग्रिएका ट्रकहरू पुनःप्राप्त गर्ने प्रयाससहित सहायता आन्दोलन समन्वय गर्ने विश्व निकायको १५ मध्ये पाँचवटा प्रयासलाई अस्वीकार गरेको बताएको छ। अवरोधका कारण वा आयोजकहरूले तिनीहरूलाई रद्द गर्नुपरेका कारण अन्य दुई मिसन सम्पन्न भएका छैनन् । कर्मचारीहरूको आवागमन र अन्य मिसनसहित बाँकी आठ मिसन पूरा भएका छन्।

शिक्षामा काम गरिरहेका यसका साझेदारहरूले विद्यालय जाने उमेरका बालबालिकाहरूले निरन्तर सिकाइ गुमाउने गरेको रिपोर्ट गरेको कार्यालयले जनाएको छ । आइतबार जारी गरिएको विस्थापन आदेशले पाँच हजार विद्यार्थी र दुई सय शिक्षकसहित एक दर्जनभन्दा बढी अस्थायी सिकाइ स्थलहरूलाई असर गरेको छ । विस्थापन आदेश र विद्यालयहरूमा व्यापक क्षतिको बीचमा गाजाका अधिकांश बालबालिका शिक्षामा पहुँच नभएकाले बालबालिकाको भविष्य अन्धकारमा छ ।अन्य ओसिएचए साझेदारहरूले विगत दुई महिनामा लैङ्गिक-आधारित हिंसाको बढ्दो जोखिमको रिपोर्ट गरेका छन्।

# दक्षिणी भारतको एक औषधि कारखानामा विस्फोट हुँदा ३६ जनाको मृत्यु

एपी

हैदराबाद । भारतको दक्षिणी राज्य तेलङ्गानाको एक औषधि कारखानामा सोमबार भएको ठूलो विस्फोट र आगलागीमा ज्यान गुमाउनेको सङ्ख्या कम्तीमा ३६ पुगेको र करिब तीन दर्जन घाइते भएको अधिकारीहरूले मङ्गलबार बताएका छन्।

राज्यको राजधानी हैदराबादबाट करिब ५० किलोमिटर (३१ माइल) टाढाको औद्योगिक क्षेत्रमा भएको दुर्घटना स्थलबाट दमकलकर्मीहरूले ३४ जना कामदारका जलेका शवहरू फेला पारेको राज्यका दमकल सेवा निर्देशक जी.भी. नारायण रावले बताउनुभयो। अन्य दुई कामदारको जलेको अवस्थामा मृत्यु भएको र उनीहरूलाई अस्पतालमा मृत घोषित गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार थप कामदारहरू फसेका छन् कि छैनन् भनेर पत्ता लगाउन सिगाची इन्डस्ट्रिजको नष्ट भएको औषधि एकाइको भग्नावशेष हटाउने काम भइरहेको छ।

करिब तीन दर्जन घाइते कामदारलाई अस्पतालमा भर्ना गरिएको छ।

"कारखानाको सम्पूर्ण संरचना भत्किएको छ । आगो निभाइएको छ र हामी आगामी केही घण्टामा भग्नावशेष हटाउने काम सकिने आशा गर्छौं", रावले भन्नुभयो ।रावका अनुसार कारखानाको स्प्रे ड्रायर युनिटमा सोमबार विस्फोट र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको थियो, जुन कच्चा माललाई औषधि बनाउनका लागि फाइन पाउडरमा प्रशोधन गर्न प्रयोग गरिन्छ।

राज्यका स्वास्थ्यमन्त्री दामोदर राजा नरसिंहले विस्फोट हुँदा कारखानाभित्र एक सय आठ कामदार रहेको जानकारी दिनुभयो ।"शवहरू नराम्ररी जलेको र विकृत भएपछि डिएनए परीक्षण गर्न विशेष मेडिकल टोली तैनाथ गरिएको छ", राज्य सरकारले घटनाको कारण अनुसन्धान गर्न प्यानल गठन गरेको उल्लेख गर्दै नरसिंहले भन्नुभयो।

प्रत्यक्षदर्शीहरूले घटनास्थलबाट केही किलोमिटर टाढाबाट विस्फोटको आवाज सुनेको बताएका छन्। भारत विश्वका केही शीर्ष औषधि कम्पनीहरूको घर हो। औषधि कम्पनीहरूले जेनेरिक औषधि र खोपहरूको विश्वव्यापी आपूर्तिमा महत्त्वपूर्ण भूमिका खेल्छन्। देशको बलियो उत्पादन र लागत प्रभावी उत्पादनले यसलाई फार्मा दिग्गजहरूका लागि केन्द्र बनाएको छ।

विशेष गरी रासायनिक रिएक्टरहरूसँग सम्बन्धित औद्योगिक दुर्घटनाहरू त्यस्ता कारखानाहरूमा असामान्य छैनन् । यसले सार्वजनिक स्वास्थ्यका लागि महत्त्वपूर्ण क्षेत्रमा कडा सुरक्षा प्रोटोकल र नियामक निरीक्षण लागू गर्न अधिकारीहरूको आवश्यकतालाई जोड दिन्छ ।कम्पनीको वेबसाइट अनुसार सिगाची इन्डस्ट्रिज लिमिटेड सक्रिय औषधि सामग्री, मध्यवर्ती र भिटामिन-खनिज मिश्रणहरूसँग व्यवहार गर्ने एक भारतीय कम्पनी हो।

# बङ्गलादेशमा डेङ्गु सङ्क्रमितको संख्या १० हजारभन्दा बढी, ४२ जनाको मृत्यु

सिन्हवा

ढाका। बङ्गलादेशमा जुन महिनामा डेङ्गुका मामिला उल्लेखनीय रूपमा बढ्दा यस वर्ष अहिलेसम्म १० हजारभन्दा बढी सङ्क्रमित हुनुका साथै ४२ जनाको मृत्यु भएको जनाइएको छ।

मे महिनामा एक हजार सात सय ७३ मानिस भाइरल रोगबाट सङ्क्रमित भएपछि जुनसम्म पाँच हजार नौ सय ५१ थप डेङ्गुका घटनाहरू रेकर्ड गरिएको छ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशालय (डिजिएचएस) ले सोमबार सार्वजनिक गरेको तथ्याङ्कले यस वर्ष अहिलेसम्म डेङ्गुका सङ्क्रमितको सङ्ख्या १० हजार दुई सय ९६ पुगेको देखाएको छ।

# "गोविन्दको करेली माछा, जिब्रोमै झुण्डिने स्वाद"

काठमाण्डु । माछाको फुल, तीतेकरेला र भ्यान्टाको समिश्रणबाट बनाइएको करेली माछाको तरकारी आहा ! कति आकर्षक जिब्रोमै झुण्डिने स्वाद ! वरिष्ठ सेफ गोविन्दनरसिंह केसीले पस्केको थाली सेटमा माछाको विशेष तरकारी हेर्दा जति आकर्षक थियो त्यसको स्वाद पनि उत्तिकै मीठो थियो ।



असारको पन्ध्र । अपराह्न समय । बाहिर सिमसिमे पानी अनि सिलौटो कटेजभित्र मीठो सङ्गीतका साथमा नेपाली रैथाने खानाको परिकारको स्वादले वातावरणलाई थप रौनकता प्रदान गरेको थियो । खानाको प्रदर्शनी र तरङ्गिएको बास्नाले सबैलाई मन्त्रमुग्ध बनाएको थियो ।

विशिष्ट व्यक्ति र आगन्तुक पाहुनासहित सेफहरूले पस्केका खानाको परिकारमा सबै झुम्मिएका थिए । बागमती प्रदेशका सांसद दीपेन्द्र श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ, "अनामनगर स्थित सुप्रसिद्ध सिलौटो कटेजमा नेपाली खाना प्रवर्द्धन अभियान र अन्तरराष्ट्रिय सेफ घनश्याम कँडेल र दुर्गा खड्काको पाककलामा आधारिक भोजनलिपि स्वादको चौथो संस्करण सङ्गीतमय वातावरणमा सहभागी हुँदै, मार्सी चामलको परिकारको खाना खाइयो, साह्रै मीठो, कति स्वादिलो आहा !"

राष्ट्रिय धान दिवसको अवसर पारेर यही असार १५ गते सिलौटोमा आयोजित भोजनलिपि स्वादको चौथो संस्करणमा प्रस्तुत गरिएको पाककलामा आधारित माछाको परिकारले पाहुनाको ध्यान खिचेको थियो । सबैको जिब्रोमा स्वाद गडिएको थियो । साधना कला केन्द्रका कलाकारले मादल, बासुरीको सुमधुर धुनले उपस्थितलाई मन्त्रमुग्ध बनाएको थियो ।

विभिन्न प्रजातिका माछाको फुल सङ्कलन गरेर सेफ केसीले खाना स्वादिष्ट हुनुका साथै आकर्षक देखिन्थ्ये । नेपाली रैथाने खानालाई आकर्षक रूपमा सजाइएको दृष्य रोचक थियो । सोल्टी होटलमा ३१ वर्ष सेफका रूपमा काम गर्नुभएका नेपालका पहिलो सेफ केसीको नेतृत्वमा भोजनलिपि स्वाद पस्किइएको हो ।

स्वदेशी तथा विदेशी राष्ट्रप्रमुख, विश्वचर्चित र ख्यातिप्राप्त 'सेलिब्रेटी'लाई खानाको परिकार पस्किएका केसीले नेपाली खानाको विश्वव्यापी प्रवर्द्धनका लागि अभियानलाई साथ दिन अभिभावकीय भूमिका निर्वाह गरेको बताउनुभयो ।

"भोजनलिपि स्वादको यस संस्करणअन्तर्गत पाहुनाको विशेष आग्रहबमोजिम माछाको फुलको तरकारी पस्किएको छु, यसलाई सहभागी सबैले रुचाइदिनुभयो । यो जीवनकै बेग्लै र फरक स्वाद लिएको प्रतिक्रिया दिनुभएको छ, यसले आफूलाई पनि हौसला मिलेको छ", उहाँले भन्नुभयो ।

माछाको फुलको तरकारीसहित करेला र भ्यान्टाको मिश्रणबाट बनेको परिकार प्रस्तुत गरिएको थियो । केसी आफैँले कालीमाटीबाट माछा माग गरेर पाककला प्रस्तुत गर्नुभएको हो । उहाँले भन्नुभयो, "वितर कसँग तीन दिन अगाडि माछा माग गरेका थियौँ । यो अत्यन्तै

> सेफ कँडेल र खड्काको पाककलामा आधारित भोजनलिपि स्वादको चौथो संस्करणमा प्रदर्शित खाना स्वादिष्ट हुनुका साथै आकर्षक देखिन्थ्ये ।

स्वास्थ्यवर्द्धक र स्वादिलो परिकार हो । युरोपियन संस्कृतिमा 'सी फुड' अर्थात् माछालाई 'ब्रेन्ड फुड' पनि भनिन्छ । माछालाई सही किसिमले सदुपयोग गरिएमा मस्तिस्क तिखो हुने विश्वास गरिन्छ ।"

सेफ केसीले भन्नुभयो, "माछाको फुललाई निकालेर केही समय फ्रिजमा राखिन्छ । थोरै नुन र बेसार हालेर उसिन्नुपर्छ । यसलाई करिब १५ देखि ३५ मिनेटसम्म पकाइन्छ । त्यसपछि चिसो पानी र आइस हालेर पुनःफ्रिजमा राखी माछाको पातलो जालो निकालेर टुक्रा पारिन्छ । सोही साइजको करेला र भ्यान्टा काटेर मिसाइन्छ । तोरीको दाना, करी पत्ता, सजिवनलगायत मसलाको प्रयोग गरिन्छ ।"

सिलौटोमा सबै मसला पिनेर स्वाद तयार गरिन्छ । नेपाली वास्तुकला झल्किने, नेपाली संस्कृतिसँग सम्बन्धित नेपाली रैथाने खानाको प्रवर्द्धन गरिएको उल्लेख गर्दै सेफ केसीले सेफ कँडेलको भोजनलिपि स्वादको सोच र अवधारणालाई सार्थक बनाउन आफूले सक्रिय साथ दिएको उल्लेख गर्नुभयो ।

### पहिलो रोजाइ डोमा लड्डु

भोजनलिपिको चौथो संस्करणमा सेफहरूले माछाको तरकारीबाहेक लौका र गाँजरलाई गलाएर सखरको समिश्रणमा बनेको डोमाको लड्डुको बेग्लै आकर्षण थियो ।

स्वादिष्ट र स्वास्थ्यवर्द्धक लड्डु पाहुना तथा ग्राहकको पहिलो रोजाइमा परेको थियो । गाजर र लौकलाई करिब छ घण्टाको मेहेनतमा बनाइएको डोमाको लड्डु पानको पातमा सजाइएको थियो ।

यस्तै मार्सी चामलको भात, ढिँडो, खस्रो च्याख्ला, खुट्टीको सुप, खसीको मासु, लोकल कुखुराको मासु, हाँसको छोयला, सिस्नोको सुप, हाँसको छोयला, फापर र आलुलाई मिसाएर बनाइएको रिकीपुरको विशेष प्रस्तुति थियो ।

मार्सी भात र कड्कनाथ करी, च्याँख्ला, डिँडोसँग खसीको करङ, नङ्ग्रे सपेटो, इन्द्रेणी मोमो, हाँसको छोइला, रिकीकुर, कन्चेम्वा, गोरस (मही), दही फ्रुट र चिउरा, करेसाबारी फलफूल सलादको प्रदर्शनी आकर्षक र रुचिकर थियो ।

भोजनलिपि स्वादका संस्थापक सेफ कँडेलले प्रदर्शनीको खाना हिमाल, पहाड र तराईका साथै जातजातिलाई समेटेर बनाइएको बताउनुभयो । उहाँका अनुसार रिकीकुर, थकालीलगायत खानाको परिकार पस्किने प्रयास गरिएको हो । चौथो संस्करणसम्म आइपुग्दा आफूमा हौसला बढेको भन्दै यसले स्वस्थ्यवर्द्धक खानाको प्रवर्द्धनमा मद्दत पुगेको बताउनुभयो ।

लड्डु, ढिँडो, च्याख्ला रिकीकुरलगायत परिकार कार्यक्रमको आकर्षण थिए । चौथो संस्करणमा राजनीति, समाजसेवी, सञ्चारजगतलगायत क्षेत्रको प्रतिनिधित्वसँगै खानाको परिकारप्रतिको हौसलाले आगामी दिनका संस्करणलाई थप आकर्षक बनाउन ऊर्जा मिलेको सेफ कँडेलले बताउनुभयो । उहाँले नेपालमा दक्ष सेफ जनशक्तिको अभाव रहेको बताउँदै अहिले पनि कतिपय रेष्टुरेन्ट र होटलमा तालिमप्राप्त सेफको अभाव खड्किएकाले अभियानमार्फत दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सिलौटो कटेजका सञ्चालक मिन भण्डारीले असारे झरीमा पनि धेरैभन्दा धेरै पाहुनाको सहभागितामा कार्यक्रम भव्य रूपमा सम्पन्न भएको बताउनुभयो । उहाँले किसानले उत्पादन गरेका सामान ल्याएर मौलिक परिकार बनाई खानाको प्रवर्द्धन गरिरहेको उल्लेख गर्दै भोजनलिपि स्वाद अभियानसँग संस्थाले सहकार्य गरेर जाने प्रतिबद्धता जनाउनुभयो ।

उहाँका अनुसार सिलौटोले रैथाने परिकारको स्वादको सुनिश्चितताका लागि सिलौटोमा पिँधेको अचार, लोकल खसीको मासु, आगोमा कसौँडीमा पकाएको पक्कु, मसला आफैँ पिस्ने र माछा पोखरीबाटै ल्याएर पकाउने गरिएको छ ।

नेपाली खाना प्रवर्द्धन अभियानका संयोजक देवीप्रसाद सापकोटाले चौथो संस्करणसम्म आइपुग्दा कार्यक्रम प्रभावकारी भएको तथा खानाको स्वाद र गुणस्तरमा पनि सुधार आएको बताउनुभयो ।

भोजनलिपि स्वाद स्वदेश तथा विदेशमा सञ्चालन गर्ने तयारी रहेको उहाँले उल्लेख गर्नुभयो ।

नेपाली खाना प्रवर्द्धन अभियान र सिलौटो कटेजले आयोजना गरेको कार्यक्रममा विभिन्न जिल्लामा उत्पादित कृषिउपजबाट बनेका परिकार प्रस्तुत गरिएको थियो । नेपाली साङ्गीतिक धुनसहित प्रस्तुत संस्करणमा खानाका विभिन्न १५ प्रकारका परिकार राखिएको थियो ।रासस

# तरकारी र दूध बेचेर मासिक एक लाख आम्दानी

ढोरपाटन । बुर्तिबाङ बजारसँगै जोडिएको भब्रेटा गाउँ छ । भब्रेटा गाउँमा उक्लँदा बित्तिकै ठूलो कृषि फार्म देखिन्छ । फार्ममा लहलह फलेका काँक्रा, गोडेडा, काउली र बन्दा । फार्म छेउमै रहेको बारीमा भेटिनुहुन्छ चन्द्रलाल पाण्डे । बारीको घाँस काट्ने, तकारीमा पानी लगाउने र भैँसी दुहुने चन्द्रलालको दैनिकी नै हो । आकस्मिक कामबाहेक उहाँ फार्म छाडेर कतै जानुहुन्न । जानका लागि उहाँलाई फुर्सद पनि हुँदैन ।



करिब २० वर्ष अगाडि कतार पुग्नुभएका चन्द्रलालले पाँच वर्ष उहीँ बिताउनुभयो । परदेशी भूमि, दुःखको काम त्यसमाथि साहुको गालीबोली जसले गर्दा उहाँलाई विदेश बस्नै मन भएन । पाँच वर्ष बिताएपछि उहाँ स्वदेश फर्किनुभयो । गाउँ फर्किएपछि उहाँले विक्रम संवत् २०६७ देखि व्यावसायिक रुपमा तरकारीखेती गर्न थाल्नुभयो । बिस्तारै भैँसी पालेर दूध बिक्री गर्न थाल्नुभयो । अहिले चन्द्रलालले तरकारी र दूध बिक्री गरेरै राम्रो आम्दानी गर्दै आउनुभएको छ ।

उहाँले २४ रोपनी क्षेत्रमा तरकारीखेती गर्नुभएको छभने पाँचवटा भैँसी पालेर दैनिक ३० लिटर दूध बिक्री गर्दै आउनुभएको छ । बुर्तिबाङ बजार नजिकै रहेको हुँदा उहाँले उत्पादन गरेको तरकारी र दूध बिक्रीका लागि समस्या छैन । जति पनि बजारमै खपत हुने हुँदा उत्पादन बढाउनतर्फ उहाँ लाग्नुभएको छ । पन्ध्र वर्षसम्म निरन्तर तरकारीखेती र दूध उत्पादन गर्दै आउनुभएका चन्द्रलाल विदेशमा भन्दा बढी खुसी र सुखी हुनुहुन्छ । विदेशको पीडाले आफूलाई गाउँमै उद्यमी बन्न सिकाएको उहाँ बताउनुहुन्छ ।

"म विदेश जानभन्दा पहिला पनि सामान्य रुपमा तरकारीखेती गरेको थिए, तर अहिले जस्तो व्यावसायिक बन्न सकेको थिएन, धेरै कमाइएला भनेर कतार पुँगे, त्यहाँ त निकै कडा काम गर्नु पर्दोरैछ, साहुको नमिठो गालीबोली सहन नसकेर गाउँ फर्किएर यही केही गरौँ भनेर लागेँ", उहाँले भन्नुभयो, "म अहिले ४० वर्ष भए, मेरा उमेरका धेरै युवा विदेश छन्, गाउँ फर्किएर व्यावसायिक रुपमा तरकारीखेती गर्ने हो भने साउदी कतारमा भन्दा बढी आम्दानी गर्न सकिन्छ ।"

उहाँले तरकारी र दूध बेचेरै आठ जनाको परिवार चलाउनु भएको छ । बुबा, आमा, श्रीमती र चार छोराछारी यही पेसाबाटै धानेको उहाँको भनाइ छ । पहिले घरपरिवार चलाउनका लागि समस्या हुने गरेको स्मरण गर्दै तरकारीखेतीले सहज रुपमा जीवनयापन गर्नसक्ने बनाएको पाण्डेले बताउनुभयो । खासगरी हिउँदको बेमौसरी तरकारी उत्पादन गर्दै आएको उहाँले सुनाउनुभयो । सुरुमा आफूले रु १५ हजारबाट व्यवसाय सुरु गरेको भन्दै अहिलेसम्म करिब रु ३५ लाख लगानी भएको उहाँको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बागलुङले टनेल, भकारो गर्न र अन्य व्यस्थापनका लागि रु १५ लाख सहयोग गरेको जनाउँदै उहाँले नगरपालिकाबाट अपेक्षित सहयोग पाउन नसकेको गुनासो गर्नुभयो । रासस

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय बर्दिवासका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०३/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति **२०८१/०५/६ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक** पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति **२०८१/१२/२६ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक** पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०३/२५ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०६८/०९/२६ मा दर्ता भई प्रा.फ.र.नं. १४५१/१६४/०६८-०६९ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०६८/११/०२ (मु.अ.क. दर्ता मिति २०६९/१२/२७) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५३६१२४२ को प्रमाणपत्र प्राप्त छप्पन साहको प्रोप्राइटरसिपमा रहेको **मां जननी किराना पसल ।**
**फर्मको ठेगाना :** महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १ (साविक बर्दिवास गा.वि.स. वडा नं. ५) ।

| | |
|---|---|
| **प्रोप्राईटर तथा जमानतकर्ता : छप्पन साह**<br>(ना.प्र.नः १८३०७४/१७८, जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी).<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : राम तपस्या साह । बाजे : शंकर साह । | **जमानतकर्ता : बचुन साह**<br>(ना.प्र.नः १८३०७४/१७६ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : राम तपस्या साह । बाजे : शंकर साह । |
| **जमानतकर्ता : सुरज कुमारी**<br>(ना.प्र.नं. ०४९२३४४२ जारी मितिः २०५१/१२/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : राम जिवन साह कानु ।<br>पति : मिस्री साह । ससुरा : राम तपस्या साह । | **जमानतकर्ता : उर्मिला देवी**<br>(ना.प्र.नं. १८३०७४/३६ जारी मितिः २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : चुमन साह ।<br>पति : छप्पन साह । ससुरा : राम तपस्या साह । |
| **जमानतकर्ता : मंदीरा साह**<br>(ना.प्र.नः १८३०७४/११८८ जारी मिति २०६३/११/१४ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : योगेन्द्र साह कानु ।<br>पति : बचुन साह । ससुरा : राम तपस्या साह । | **जमानतकर्ता : साहेव साह**<br>(ना.प्र.न. १८३०७४/१७७ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : राम तपस्या साह ।<br>बाजे : शंकर साह । |

| | | |
|---|---|---|
| **जमानतकर्ता : अनिता कुमारी**<br>(ना.प्र.नं. १६०३३४२१८ जारी मितिः २०६२/०९/०६ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा) ।<br>साविक ठेगाना : पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं. १० (साबिक बिरगंज न.पा. वडा नं. १३) ।<br>हालको ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ ।<br>बाबु : बुधन साह कानु ।<br>पति : साहेव साह । ससुरा : राम तपस्या साह । | **जमानतकर्ता : ओम प्रकाश साह**<br>(ना.प्र.नः १८३०७४/१७९ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ (साबिक बर्दिवास गा.बि.स. वडा नं. ५) ।<br>बाबु : राम तपस्या साह ।<br>बाजे : शंकर साह । | **जमानतकर्ता : सविता कुमारी**<br>(ना.प्र.नं. १८-०५-७६-०००७१ जारी मितिः २०७६/०१/०९ जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १४ ।<br>बाबु : राम नारायण साह कानु ।<br>पति : ओम प्रकाश साह ।<br>ससुरा : राम तपस्या साह । |

**ख.धितो सुरक्षणको विवरण :**

१. प्रोप्राईटर तथा जमानतकर्ता छप्पन साहको नाममा मालपोत कार्यालय बर्दिवासमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमशः १११२, १११८, ८९९ र २८५९ को क्षेत्रफल क्रमशः ०-०-३.५-०, ०-०-६-०, ०-१-०-० र ०-०-७-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१
२. जमानतकर्ता सुरज कुमारीको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमशः ५७६ र ५७९ को क्षेत्रफल क्रमशः ०-०-१६-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........................................................................१
३. जमानतकर्ता बचुन साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगंज गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कित्ता नं. क्रमसः १११३, १११४ र १११९ क्षेत्रफल क्रमशः ०-०-३.५-०, ०-०-२-० र ०-०-४-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......................१
४. ऋणी मां जननी किराना पसलको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण. ..........................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम शाखा कार्यालय बर्दिवास, महोत्तरी तथा बैंकको प्रधान कार्यालयबबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०३/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. | **नाम : दिलीप कुमार यादव**<br>बाबुको नाम : चन्द्री राउत भन्ने राम चन्द्र यादव<br>बाजेको नाम : सौखी राउत यादव<br>ठेगाना : विसरभोरा - ७, धनुषा<br>हाल : कमला - २, धनुषा<br>ना.प्र.प.नं. : १६२४२२९६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५१/१२/१६<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : फेको देवी यादव**<br>पतिको नाम : दिलीप कुमार यादव<br>ससुराको नामः चन्द्री राउत भन्ने राम चन्द्र यादव<br>ठेगाना : विसरभोरा - ७, धनुषा<br>हाल : कमला - २, धनुषा<br>ना.प्र.प.नं. : १७३०१२/४७६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/१८ |
| | **धितोको विवरण** | |
| | १. दिलीप कुमार यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको माची झिटकैया - ३ क, धनुषा स्थित कित्ता नं. १८१७ को क्षेत्रफल क्षेत्रफल ०-०-८-० (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. धनि लुम्बिनी विकास बैंक लिमिटेड भई ऋणी दिलीप कुमार यादवको नाममा यातायात व्यवस्था कार्यालय जनकपुरमा दर्ता कायम रहको सवारी दर्ता नं. प्र २-०२-००१ ह ०५५१ भएको Vinayak MAK RE को सवारी साधन थान १ । | |

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २. | **नाम : यादव पशुपालन तथा कृषि फार्म**<br>दर्ता गर्ने निकाय : प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुरधाम<br>दर्ता नं. : ११५१९/२७२/०७६/०७७, दर्ता मिति : २०७६/०७/०१<br>रजिष्टर्ड कार्यालय : गणेशमा नारनाथ - २, धनुषा<br>**प्रोप्राईटर : अभिमन्यू प्रसाद यादव, शाखा कार्यालय : जनकपुर** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : अभिमन्यू प्रसाद यादव**<br>बाबुको नाम : दीप नारायण यादव<br>बाजेको नाम : सहदेव यादव<br>ठेगाना : पटेर्वा - ८, धनुषा<br>हाल : गणेशमा नारनाथ - २, धनुषा<br>ना.प्र.प.नं. : १७१०२४/२१७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६९/११/१३ | **२. नाम : दीप नारायण यादव**<br>बाबुको नाम : सहदेव यादव<br>बाजेको नाम : रामफल यादव<br>ठेगाना : रघुनाथपुर - २, धनुषा<br>हाल : गणेशमा नारनाथ - २, धनुषा<br>ना.प्र.प.नं. : ६८१/७५७२३५७२<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३८/०६/१८ |
| | **३. नाम : जिवछी देवी यादव**<br>पतिको नाम : दीप नारायण यादव<br>ससुराको नामः सहदेव यादव<br>ठेगाना : पटेर्वा - ८, धनुषा<br>हाल : गणेशमा नारनाथ - २, धनुषा<br>ना.प्र.प.नं. : ७०६११६००<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/१०/१० | **४. नाम : शैलेन्द्र यादव**<br>बाबुको नाम : दीप नारायण यादव<br>बाजेको नाम : सहदेव यादव<br>ठेगाना : पटेर्वा - ८, धनुषा<br>हाल : गणेशमा नारनाथ - २, धनुषा<br>ना.प्र.प.नं. : ७०६१२७८७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/१०/०३ |
| | **धितोको विवरण** | |
| | दीप नारायण यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता भरतपुर - ७ क, धनुषा हाल गणेशमान चारनाथ - २, धनुषा स्थित कित्ता नं. १७८ को क्षेत्रफल ०-०-१०-० (विघा) तथा लबटोली - ९ क, धनुषा हाल गणेशमान चारनाथ - २, धनुषा स्थित कित्ता नं. ९५३ को क्षेत्रफल ०-२-१७-२ (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)**
**केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६**

# ‘मिडियाले भ्रम फैलायो’




**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (एमाले) का केन्द्रीय सचिव रघुवीर महासेठले पार्टीभित्र कुनै गुट, उपगुट तथा कित्ता नरहेको दाबी गरेका छन् । केही मिडियाले विपक्षी दलहरूको इशारामा गुटबन्दीको भ्रम फैलाउने काम मात्र गरिरहेको उनले आरोप लगाए ।

जनकपुरधाममा मंगलवार धनुषा क्षेत्र नम्बर ४ अन्तर्गत नेकपा एमालेको क्षेत्रीय समन्वय समितिद्वारा आयोजित क्षेत्रीय बैठकमाबोल्दैपूर्वउपप्रधानमन्त्रीसमेत रहेका सचिव महासेठले पार्टी एकतावद्ध भएर आगामी निर्वाचनको तयारीमा लागेको स्पष्ट पारे ।

सो कार्यक्रममा प्रतिनिधिसभा सांसद जुली महासेठको समेत उपस्थिति रहेकी थिइन् । सो बैठकमा क्षेत्रीय स्तरका पार्टी नेताहरू, कार्यकर्ता तथा स्थानीय तहका जनप्रतिनिधिहरूको समेत उल्लेखनीय सहभागिता थियो । नेता महासेठले जनताको भरोसा जित्न सक्ने नेतृत्व निर्माण गर्न सबै नेता कार्यकर्तालाई आग्रह गर्दै पार्टी अनुशासन र विचारमा एकताको खाँचो औल्याए ।

सो बैठकमा स्थानीय विकास, संगठन विस्तार तथा समसामयिक राजनीतिक विषयमा छलफल भएको आयोजक समितिले जनाएको छ ।

## छिन छिनमा विद्युत कटौती

# हाकिम साहेबको मस्ती ,आमजनको सास्ती



हिमांशु चौधरी

- सबैतिर विद्युत कटौती हुन्छ , विद्युतका आवासीय कर्मचारी र परिवार एसीमा बसेका हुन्छन् ।
- सबैतिर भोल्टेज कमको समस्या हुन्छ , कर्मचारीजनका लागि यो शब्द मात्र हुन्छ ।
- अधिकृत स्तरका प्रायः कर्मचारीको काठमाण्डु , गाउँ , कार्यस्थलमा जग्गा , भवन हुनुका साथै सन्तानहरु चिकित्सक , इन्जिनियरिंग संकायमा अध्ययनरत ,कार्यरतको अवस्था छ ।

वस्तुतः असजिलो र अप्ठ्यारोको मात्र कहाँ हो र सत्य , असत्य , साँचो भ्रुट यी सबै कुराको सीमारेखा भनेको नै बुझाइ ,अनुभूति , धारणा हो । बुझाइ र धारणा निरपेक्ष बस्तु होइनन् । सापेक्ष हुन् । सापेक्ष भएकै कारण हिजो आहा भनिएका आज फटाहा हुन पुगेका छन् । छिन छिनमा विद्युत जाने समस्या र भोल्टेज कमले यी तथ्यको पृष्ठभूमि रहेका छन् । केही महिना पूर्व विद्युतको यो समस्या न्यून थियो भने करिब दुइ महिनादेखि यसले गम्भीर सवालसँगै उपभोक्ताको जीवनमा अधीरताको बाँध निर्माण गरिदिएको छ । यी समस्याले यो धरा कठै बरा भैै. भएको छ । विचार र आदर्शका खेतमा भावनाको कुलो फर्काएर त्यहि भावनाको कुलोमा बगिरहने आमजनको शून्य उपलब्धिमा मात्र बाँच्नु परेको दुर्दान्त अवस्था छ ।

प्रचण्ड गर्मी छ , तापक्रम दिनहुँ बढ्ने क्रम जारी छ । शीतलताका लागि जन -जनमा चिन्ता , पीडा र छटपटी छ । गर्मीले पसिना बगाएर बस्ने नियति छ । चापाकल र इनार सुक्दै गएको छ । पानीको अभाव यत्रतत्र छ । पानी खान नपाइ बिरामी हुने दुर्भाग्यका रेखा लामो हुँदै गएको छ । काकाकुलको छटपटीलाई अनुभूति गर्ने निकायहरुको बेबास्ताको अध्याय थपिदै जानु बाध्यात्मक थेगो बन्न पुगेको छ । जीवनशैली पीडादायी छ जीउन पनि मुस्किल छ ।

खासगरी रातिमा छिन छिनमा विद्युत जाने दिनचर्या नै बनेको छ । सोमबार रातिको कुरा गर्दा सैकण्डमै विद्युत जाने समस्या करिब १२ बजेसम्म जारी रह्यो । गर्मीले छटपटिएर छतमा बसेकाहरु विद्युत आगमनको प्रतीक्षा गर्दै थिए । विद्युत आए पनि भोल्टेज कमले पंखाले गति लिन सकेको थिएन । करिब १ः३० बजेतिर भोल्टेजमा सुधार भए पछि छतमा बसेकाहरुको संख्या पनि घट्दै हुँदै गएको थियो ।

यो समस्या नयाँ होइन , विगतमा केही कमी थियो भने हाल पूर्व समयकै बोधका पाना पल्टिन थालेको छ । फयूज शाखा जाँदा गैर जिम्मेवारपूर्ण जवाफ , हाकिम साहेबको मोवाइलमा फोन गर्दा हाकिम साहेबको मोबाइलले आमजनलाई सरोकारभन्दा बाहिरको सूचीमा राखेका कारण सवाद गर्नु निरर्थक ठान्छन् ।

हाकिम साहेबको स्थानयि तहका ठूलाबडादेखि केन्द्रका हाकिमसँग अर्थको जादुगरी शक्ति निहित भएका कारण विलासपूर्ण जीवनयापनदेखि बढुवा , मानपदवी पनि उनकै शरणमा वसीभूत भएको हुन्छ । यस्तोमा आमजनको सास्तीप्रति गम्भीर हुनु प्रायः चरित्र नै हुँदैन ।

हाकिम साहेबसँग प्रत्यक्ष दर्शन भयो भने उनको कक्षमा बसेकाहरुसँग अर्थदेखि नाता , कारोबार , उद्यम लगायतका हिसाबकिताबको व्यस्तताले हाकिम साहेबलाई आमजनको समस्या सुन्ने र गम्भीर हुने समय नै हुँदैन । करिब तीन दशक अघिको लहानको यस्तै घटना स्मरण भएको छ । त्यस बेलाका थियो तर उद्योगमा विद्युत हुन्थ्यो । आक्रोशले छलफलको स्वरुपमा आयो , उद्योग बाणिज्य संघमा छलफल हुँदा हाकिम साहेब सत्यवादी हश्चिन्द्रझैं प्रस्तुत भए भने उद्योगीले सहर्ष भने - पैसा दिइ सेवा लिनु हाम्रो अधिकार हो । पैसा कसलाई सरकारलाई वा हाकिम साहेबलाई, त्यो प्रश्नको जवाफ गर्भमै राखे । अन्ततः आक्रोशीहरु छलफलबाट नैराश्य भइ फर्किनु परेका थियो । तर हाकिम साहेबको स्वच्छ छवि जग्गा खरिददेखि भवन निर्माणसम्ममा उजागर भएको थियो । गंगाजलमा डुबेर निस्कदैमा धर्म हुँदैन चरित्र प्रदर्शन गरेका थिए ।

अखितयारको दृष्टि त्यहाँसम्म नपुगेको कारण यस्ता प्रवृत्ति भएका हाकिम साहेबहरुले कुबेर बन्ने धोकोलाई निष्कलंक पूर्वक साकार गरिरहेका छन् । सरोकारवाला मरुन , क्रन्दन गरुन , आक्रोशित होउन कुनै लेखाजोखा छैन । यी हाकिम साहेबहरुको विचार सुन्दा ग्लानि पनि हुन्छ , अध्ययन , योग्यताप्रति उदेक लाग्छ । महान सुख वा खुशी मनबाट प्राप्त हुन्छ , त्यो पुरस्कार हो , जुन असल कार्यबाट प्राप्त हुन्छ । त्यो मानिस मानिस होइन जो अन्यलाई मानवताले हेर्दैन । स्वार्थ , लोभ तथा ईर्ष्याले नै मानिसलाई दुखी बनाएको छ । सास्ती भोगिरहेका छौ , हाकिम साहेबहरु मस्ती गरिहेका छन् । रातदिन कष्टमय छ , हाकिम साहेबहरु भ्रष्टमय छन् । भ्रष्टी , मस्ती सुशासन , प्रशासनका लागि कलंक हो , धमिरा हो , यसलाई कसले निरुपण गर्ने ? मूल ह्रासोन्मुख मानवीय संवदेनाको प्रश्न छ । हाकिम साहेबहरुको काखमा अपराध फुलिरहेका छन्, अपराधी नाचिरहेका छन् । कहाली लाग्दो यथार्थ पनि हो । परिस्थितिको पीडादायी चित्र पनि हो ।जून हेरेर विद्युतको समस्या समाधान हुन सक्दैन । विश्वासको धरातलमा अविश्वासको दिनचर्या कसरी बिताउने ?जानकी माताले कल्याण गर्ने सिवाय अन्य दृष्टिगोचर भइरहेको छैन ।



हाकिम साहेबले लहानमा विद्युतको समस्या समाधानको नाममा ग्राहकको घरमा भएका मीटर परीक्षण गर्न कहाँ लानु भयो आजसम्म अनुत्तरित छ । संयोगवस् एक पटक नवलपर ासीमा उनीसँग भेट हुँदा गौरवका साथ आर्थिक चलखेल नमुना स्वीकार गर्दे भने - मेरो बढुवाको भविष्यसँग गाँसिएको समस्या थियो, ठूला हाकिमलाई दामका रुपमा ग्राहकबाट परीक्षणका लागि ल्याइएको मीटर बिक्री गरी अर्पण गरिएको थैलीले बढुवाको मार्ग प्रशस्त गर्दे पदस्थापन भयो ।

कतिपय जनकपुरका हाकिम साहेबहरुमा पनि यस्तै प्रकृतिका योग्यता देखिएको बुझाइ छ । जनकपुरमा घर बनाए , विराटनगरमा घर बनाए , काठमाण्डुमा घर बनाए । सरकारी तलबबाट ब स्वप्न महललाई सार्थकता दिएका छन् यक्ष प्रश्न छ । कुनै बेला लोडसेंडिंगको लहर थियो , जनकपुरबासी गर्मीले छटपटी रहन्थे जनकपुरबासीको घरमा विद्युत हुँदैन

# ‘सुनचाँदी व्यवसायीहरुको माग जायज’

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वउपप्रधानमन्त्री एवम् कांग्रेसका नेता विमलेन्द्र निधिले सुनचाँदी व्यवसायीहरुले राख्दै आएको माग जायज रहेको बताएका छन् ।



जनकपुरधाममा मंगलबार विमानस्थलमा सञ्चारकर्मीहरु समक्ष आफ्नो धारणा राख्दै नेता निधिले आन्दोलित सुनचाँदी व्यवसायीहरुको माग जायज रहेको बताए ।

उनले सुनचाँदी विलासिताको साम्रगी नभएको धारणा राखे । नेता निधिले अर्थतन्त्रसंग सिधा जोडिएको वस्तुलाई विलासिता वस्तु भन्नु नमिल्ने बताए । उनले रुपैयाँ लिन बैंकमा डिपोजिट गर्न मिल्ने सुनलाई विलासिता वस्त भन्न नसकिने बताए । सम्पत्ति र विलासिताको वस्तु दुबै अलग अलग कुरा रहेको बताउँदै नेता निधिले सुनचाँदीमा विलासिता कर र मुल्य अभिवृद्धि कर दुबै नलाग्नु पर्ने बताए ।

सरकारले कार्यदल गठन गरेर सुनचाँदी व्यवसायीहरुके समस्या समाधान गर्नुपर्ने नेता निधिले बताए । बजेटमा समावेश भए पनि अहिलेको लागि विलासिता कर लागु नगर्न उनले सरकारलाई आग्रह गरे ।

# छानबिन प्रतिवेदन लुकाएको वन सचिव घिमिरेमाथि आरोप




**टुडे समाचारदाता**

जनकपुरधाम । वन तथा वातावरण मन्त्रालयअन्तर्गत कानुनी कारबाही प्रक्रिया गम्भीर प्रश्न उठाउने घटनाले फेरि मन्त्रालयमाथि प्रश्न चिन्ह खडा भएको छ ।

चुरे तथा वनजंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले रौतहट डिभिजन वन कार्यालय डिएफओ हेमन्तले गरेका ‘ काण्डै-काण्ड’ सम्बन्धी छानबिन गर्न गठित समितिले प्रतिवेदन बुझाइसके पनि, मन्त्रालयले अझैसम्म त्यसलाई सार्वजनिक नगरेको आरोप लगाए ।

वन तथा वातावरण मन्त्रालयले वन अधिकृत मनोज ठाकुरको संयोजकत्वमा छानबिन समिति गठन गरी उक्त समितिले जेठ ३० गते नै प्रतिवेदन तयार गरी मन्त्रालयमा दर्ता गराएको थियो । प्रतिवेदन सचिव उद्धव घिमिरेलाई तत्कालै बुझाइएको भए तापनि, १५ दिन बितिसक्दा पनि सो प्रतिवेदन प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय संजय यादवलाई बुझाइएको छैन ।

यसबीचमा प्रतिवेदनलाई दबाबमा राखेर सार्वजनिक नगर्ने प्रयास सचिव उद्धव घिमिरेबाट भएको भन्दै अभियानका संयोजक यादवले आलोचना गरेका छन् । सरकारी छानबिन प्रतिवेदन दबाउने र मन्त्रीसमक्ष समयमै नपेस गर्ने कार्यले सुशासनमाथि गम्भीर प्रश्न खडा गरेको भन्दै यादवले आक्रोश व्यक्त गरेका छन् ।

स्थानीय नागरिक, सरोकारवालाहरू तथा वातावरणविद् हरूले सचिव घिमिरेमाथि छानबिन गर्न प्रदेश र संघ सरकारसँग जोडदार माग गरेका छन् । यस्ता गतिविधिले सरकारी संयन्त्रमा पारदर्शिता र जवाफदेहितामा प्रश्न उठाउने देखिएको छ ।

# सिर्सिया नदीको प्रदूषण रोक्न दण्डित गर्नुपर्छ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जको लाइफ लाइनका रुपमा रहेको सिर्सिया नदीको प्रदूषण नियन्त्रणका लागि नदी प्रदूषण गर्ने उद्योगसंगै स्थानीय निकायका जनप्रतिनिधि,सुरक्षा निकायका प्रमुख र सरोकारवालाहरुले सामुहिक रुपमा लिखित प्रतिवद्धता जनाएका छन् ।




उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको उद्योग विभागले वीरगञ्जमा मंगलबार आयोजना गरेको कार्यक्रममा उनिहरुले तीन दशकदेखि प्रदूषणको सिकार बनेको सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउनका लागि सामुहिक रुपमा हस्ताक्षर गर्दै लिखित प्रतिवद्धता व्यक्त गरेका छन् ।

सो कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले सिर्सिया नदी प्रदूषण गर्ने उद्योगहरुलाई महानगरले आर्थिक जरिवाना गर्दासमेत नटेरेको अवस्था रहेको बताए ।

अब प्रतिवद्धता भन्दा नेपालको कानुनमा उल्लेख दण्डात्मक विधि नै अपनाउन आवश्यक भइसकेको उनको भनाइ छ । त्यसका लागि स्थानीय प्रशासन निर्मम भएर अगाडि बढनुपर्नेमा उनले जोड दिए । वीरगन्ज महानगरका मेयर सिंहले सिर्सिया नदीको प्रदूषण नियनत्रणमा वीरगञ्ज महानगरले थालेको अभियनमा बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले सहयोग नगरेको गुनासो पनि पोखे ।

नदी प्रदूषित गर्ने मध्येका ५ वटा उद्योगलाई महानगरपालिकाले ३/३ लाखको दरले जरिवाना गरिसकेको र त्यति गर्दापनि अटेर गर्ने ३ वटा उद्योगहरुभित्रै फोहरको डङ्गुर लगेर फाल्दापनि अझै नदीको प्रदूषण नरोकिएको उनले बताए ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले नदी प्रदुषण रोक्न अब अनुरोध होइन सिधै कानुनी दण्डात्मक कारबाही गरिने बताए । नदीलाई प्रदूषित बनाउने उद्योगलाई अब छुट नदिइने उनले बताए ।

अबको १५ दिनभित्र उद्योगहरुले उद्योगका फोहोर र प्रदूषित पानी प्रशोधनका लागि ‘वाटर ट्रिटमेन्ट प्लान्ट’ जडानका लागि काम थालेको अवस्था नभेटिएमा ती उद्योगहरु कारबाहीको भागिदार हुने चेतावनीसमेत उनले दिए ।

आर्थिक मन्दी वा अरु कुनै बहानामा नदीलाई प्रदूषित बनाएर जनताको स्वास्थ्यससंग खेलवाड गर्न नपाइने अर्यालले बताए ।

बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले पनि र्सिंयिा नदीलाई प्रदूषणमुक्त बनाउने कुरा गरेको धेरै भइसकेको बताए ।

# स्रोत नखुलेको २८ लाख रुपैयाँसहित ३ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । स्रोत नखुलेको २८ लाख २८ हजार रुपैयाँ हुण्डीको रकमसहित तीन जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्सा जिल्लाको पकहामैनपुर गाउँपालिका-२ का २६ वर्षीय अनिलकुमार बर्णवाल, वीरगञ्ज महानगरपालिका-३ आदर्श टोलका २३ वर्षीय बिनितकुमार श्रीवास्तव र बाराको परवानीपुर गाउँपालिका-४ का ४४ वर्षीय दीपककुमार सोनार छन् ।



पर्सा प्रहरीबाट खटिएको टोलीले मंगलबार विभिन्न स्थानबाट उनीहरूलाई नगदसहित पक्राउ गरेको हो । बर्णवाललाई वीरगञ्ज-१० मकालु चोकबाट ९ लाख ४७ हजार रुपैयाँ नगदसहित पक्राउ गरिएको थियो । झोलामा लुकाएर उक्त रकम लैजाँदै गरेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको थियो ।

श्रीवास्तवलाई वीरगञ्ज-८ स्थित लिंक रोडबाट १५ लाख ८१ हजार रुपैयाँसहित नियन्त्रणमा लिइएको हो। सोनारलाई वीरगञ्ज-१६ रजत जयन्ती चोकबाट पक्राउ गरिएको थियो । ना १६ प २३२८ नम्बरको मोटरसाइकलमा सवार सोनारको खल्तीबाट ३ लाख रुपैयाँ नगद बरामद गरिएको पर्सा प्रहरीले जनाएको छ ।

तीनै जनालाई हुण्डी रकमसहित नियन्त्रणमा लिई मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को (क) बमोजिम ’हुण्डीसम्बन्धी कारोबार गर्न नहुने’ कसूरमा पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्तासमेत रहेका डीएसपी किशोर लम्सालले बताए ।

# दाजुभाइको औषधिसंगै पेस्तोल बेच्ने धन्दा

**टुडे समाचारदाता**

काठमाण्डु । प्रहरी वृत्त गौशालाको विशेष टोलीले मंगलबार साँझ पेस्तोलसहित दुई जनालाई पक्राउ गरेको छ। काठमाण्डु महानगरपालिका-८ स्थित तिलगंगाबाट प्रहरी टोलीले महोत्तरीका २९ वर्षीय सुरेशकुमार राम र २५ वर्षीय दिनेशकुमार रामलाई पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी परिसर काठमाण्डुका एसपी अपिल बोहराका अनुसार उनीहरूको कोठा खानतलासी गर्दा किटक्याट चकलेटको बट्टाभित्र एक थान कटुवा पेस्तोल, दुई थान म्यागजिन र खुकुरी भेटिएको थियो ।

काठमाण्डु प्रहरीका अनुसार पक्राउ परेका दुवैजना सहोदर दाजुभाइ हुन् । उनीहरूले दुई वर्षदेखि तिलगंगामा मेडिकल पसल सञ्चालन गर्दै आएका छन् ।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट उनीहरूले आवश्यक पर्ने कागजातबिनै मेडिकल सञ्चालन गरेको खुलेको छ । औषधि बिक्री गर्ने दिनेशकुमार रामले फार्मेसीसमेत नपढेको खुलेको छ।



मेडिकल पसलबाट हतियार किनबेच भइरहेको सूचनाको आधारमा प्रहरीको टोली उनीहरूले सञ्चालन गरेको मेडिकल पसल पुगेको थियो । औषधि खरिद गर्ने नाममा प्रहरीको टोलीले उनीहरूमाथि निगरानी गरिरहेको थियो ।

उनुसन्धानमा संलग्न एक प्रहरी अधिकारीले भने, “पेस्तोल खरिदबिक्री हुँदै छ भन्ने सूचनाका आधामारमा हाम्रो टोलीले उनीहरूमाथि निगरानी बढाएको थियो । हामीले केही औषधि पनि खरिद गर्‍यौं । तर, खरिद गर्ने मानिस त आएनन् सुरेशमाथि शंका लागेर कोठामा लिएर खानतलासी गर्दा पेस्तोल भेटियो ।”

प्रहरीका अनुसार, उनीहरूले कागज तथा प्लास्टिकले ऱ्याप गरेर किटक्याट चकलेटको बट्टाभिर पेस्तोल राखेको भेटिएको हो । उनीहरूमाथि प्रहरीले हातहतियार खरखजाना कसुरमा अनुसन्धान अघि बढाएको छ ।

प्रहरीले उनीहरूले भारतबाट पेस्तोल ल्याएको आशंका गरेको छ । तर, हतियारको प्रयोजन खुलेको छैन । यसमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

केही दिनअघि पनि गौशाला प्रहरीको टोलीले औषधिसम्बधी जानकारी नै नभएकी र डाक्टरको सल्लाहबिना औषधि बिक्री गरेको आरोपमा गोपिकृष्ण हलनजिक रहेको मेडिकल पसलबाट एक महिलालाई पक्राउ गरेको थियो । सो पसलसमेत अवैधरूपमा सञ्चालनमा रहेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८